
निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com








❖ वर्ष ३५ ❖ २०७९ वैशाख २६ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 May 09 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २५०


## जगरनाथपुर गापामा त्रिपक्षीय प्रतिस्पर्धा

ओमप्रकाश चौधरी, सेढवा, २५ वैशाख/

यही वैशाख ३० हुने स्थानीय तहको निर्वाचनमा पर्साको जगरनाथपुर गाउँपालिकामा त्रिपक्षीय भिडन्तको अनुमान गरिएको छ ।



महम्मद सलिम मन्सुर, श्रीकान्त यादव, कृष्णमोहन यादव, जलेखा खातुन, बबिता सिंह

अध्यक्ष पदका लागि नेकपा एमालेबाट महमद सलिम मन्सुर, जसपाबाट कृष्णमोहनप्रसाद यादव र नेपाली काङ्ग्रेसबाट श्रीकान्तप्रसाद यादवबीच त्रिपक्षीय प्रतिस्पर्धा हुने आकलन गरिएको छ ।

एमालेका महमद सलिम मन्सुर निवर्तमान गापा अध्यक्ष जालीम मियाँका भाइ हुन्। गत निर्वाचनमा जालीम मियाँ माओवादीबाट अध्यक्ष पदमा निर्वाचित भएका थिए र हालै उनी नेकपा एमालेमा प्रवेश गरेका छन् ।

जसपाबाट कृष्णमोहनप्रसाद यादव गत निर्वाचनमा अध्यक्ष पदमा पराजित भएका थिए । जालीम मियाँसँग उनी पराजित भएका थिए भने नेकाका श्रीकान्तप्रसाद यादव गत चुनावमा तेस्रो स्थानमा थिए ।

अध्यक्ष पदमा माओवादी केन्द्रबाट मालती उपाध्याय, लोसपाबाट महमद आफताब मियाँ धुनिया, जनमत पार्टीबाट चन्दन चौहान र स्वतन्त्रबाट सोबालाल महतो कोइरी, इब्राहिम अन्सारी, गोपीचन राउत कुर्मी, महमद मुस्तुफा आलम, चन्द्रशेखरप्रसाद यादव, अयुब अलि अहमद र महमद नूरहसन मियाँ गरी १३ जनाको उम्मेदवारी छ। महमद कलिम मन्सुरीले अध्यक्ष पदबाट आफ्नो नाम फिर्ता लिइसकेका छन् ।

उपाध्यक्षमा एमालेबाट मीनादेवी कुर्मी, नेकाबाट बबिता सिंह, माओवादीबाट महमद शरीफ गद्दी, जसपाबाट जलेखा खातुन चुनावी मैदानमा छन् । खातुन मधेस प्रदेशका मुख्यमन्त्री लालबाबूराउत गद्दीकी पत्नी हुन् ।

गत निर्वाचनमा उपाध्यक्षमा महमद शरीफ गद्दीकी पत्नी बिसमिल्लाह खातुन लोसपाबाट निर्वाचित भएकी थिइन् । त्यस्तै, उपाध्यक्ष पदका लागि लोसपाबाट अनीता देवी, स्वतन्त्रबाट रबिता देवी, रामबाबू राउत, महमद अफरोज आलम, भागवत प्रसाद र सफरोज गद्दी गरी १० जनाले उम्मेदवारी दिएका छन् ।

वडा नं १ को अध्यक्ष पदका लागि एमालेबाट मगरुराउत गद्दी, नेकाबाट लक्ष्मी साह तेली, माओवादीबाट महमद सहरुम, जसपाबाट गोरा महतो थारू, लोसपाबाट रामायण राउत गद्दी, जनमत पार्टीबाट विन्ध्याचल साह तेली तथा स्वतन्त्रबाट आदेशकुमार साह तेली र शङ्कर साह तेली गरी आठजनाले उम्मेदवारी दिएका छन् ।

मगरुराउत गद्दी निवर्तमान वडाध्यक्ष हुन् भन्ने लक्ष्मी साह तेली र गोरा महतो थारू गत निर्वाचनमा पराजित भएका थिए ।

वडा नं २ को अध्यक्ष पदका लागि एमालेबाट मन्सुहक मियाँ धुनिया, नेकाबाट नेपालीप्रसाद कुशवाहा, माओवादीबाट राजेन्द्रप्रसाद चौहान, जसपाबाट परशुराम राउत कुर्मी, लोसपाबाट वाराणसी राउत अहिर, जनमत पार्टीबाट राजु पाण्डेय तथा स्वतन्त्रबाट इनेश पटेल गरी आठजनाको उम्मेदवारी परेको छ ।

वडा नं ३ को अध्यक्षमा नौजना उम्मेदवार छन्। एमालेबाट मदिश मियाँ गद्दी, नेकाबाट सुभाषकुमार यादव, माओवादीबाट ज्याउल हसन, जसपाबाट नगिना राउत अहिर, लोसपाबाट छठुप्रसाद यादव, नेकपा (एस)बाट अफरिदीराउत गद्दी, जनमत पार्टीबाट देवनाथराउत अहिर, स्वतन्त्रबाट राहुलकुमार यादव र मानती नेशा गद्दीले उम्मेदवारी दिएका छन्। नगिना राउत अहिर निवर्तमान वडाध्यक्ष हुन् ।

वडा नं ४ को अध्यक्षमा एमालेबाट प्रभुप्रसाद नूनिया, नेकाबाट दीपेन्द्रप्रसाद चौहान, माओवादीबाट विजय ठाकुर लोहार, जसपाबाट दीपेन्द्रकुमार चौधरी, लोसपाबाट महमद मकसुद मन्सुर, जनमत पार्टीबाट दानकिशोर राय, स्वतन्त्रबाट सत्येन्द्रप्रसाद चौहान र रामलखन साह गरी आठजना उम्मेदवार छन् ।

वडा नं ५ को अध्यक्षमा एमालेबाट बच्चु साह तेली, नेकाबाट बिहारी महतो नूनिया, माओवादीबाट शम्भुप्रसाद अहिर, जसपाबाट उपेन्द्र मुखिया बिन, लोसपाबाट चन्देश्वर पडित कुम्हाल, जनमत पार्टीबाट सुनील मुखिया बिन र स्वतन्त्रबाट जग महतो नूनिया उम्मेदवार छन् ।

वडा नं ६ को अध्यक्षमा एमालेबाट अयोध्याप्रसाद कुर्मी, नेकाबाट लक्ष्मणप्रसाद कुर्मी, माओवादीबाट देवीचन साह तेली, जसपाबाट रमेश गिरी, जनमत पार्टीबाट नरेश साह तेली, स्वतन्त्रबाट सरोजकुमार कुर्मी र सञ्जयप्रसाद यादव उम्मेदवार छन् ।

जगरनाथपुर गापामा १९७ जनाको मनोनयनपत्र दर्ता भएको र चारजनाले उम्मेदवारी फिर्ता लिएका थिए। अहिले ३२ वटा पदका लागि १९३ जना चुनावी मैदानमा छन् ।

## सिम्रौनगढमा नेका र लोसपाबीच मुख्य भिडन्त

प्रस, सिम्रौनगढ, २५ वैशाख/

सिम्रौनगढ नगरपालिकामा प्रमुख, उपप्रमुख, वडाध्यक्ष र वडा सदस्य गरी दलका र स्वतन्त्र उम्मेदवार गरी ३२४ जना चुनावी मैदानमा छन् ।



विजयशङ्कर यादव, किशोरी कलवार, ताराचन्दप्रसाद साह, शैलदेवी अहिरिन



लक्ष्मीकान्त गुप्ता, रीतादेवी कुशवाहा, नजबु शेहर, किरण कुमारी, फूलझरी यादव, सुषमादेवी यादव

३२८ जनाले उम्मेदवारी दर्ता गराएकामा चारजनाले फिर्ता लिएपछि ३२४ जना चुनावी मैदानमा छन् । यसपटकको स्थानीय तहको चुनावमा सिम्रौनगढमा नेपाली काङ्ग्रेसका निवर्तमान नगरप्रमुख विजयशङ्कर यादव र लोसपाका किशोरी साह कलवारबीच मुख्य प्रतिस्पर्धा हुने आकलन गरिएको छ । सिम्रौनगढमा एमालेबाट ताराचन्दप्रसाद साह र जसपाबाट शैलदेवी अहिरिन तथा जनमत पार्टीबाट लक्ष्मीकान्तप्रसाद साहलगायत चुनावी मैदानमा छन् ।

यसैगरी, उपप्रमुखमा पनि नेका, जसपा र लोसपाका उम्मेदवारबीच मुख्य प्रतिस्पर्धा हुने आकलन गरिएको छ । नेकाबाट रीतादेवी कुशवाहा र लोसपाबाट नजमु शेहर र जसपाबाट पन्नालालप्रसाद कुशवाहा चुनावी मैदानमा छन् । उपप्रमुखमा एमालेबाट किरण देवी, नेकपा माओवादी केन्द्रबाट फूलझरीदेवी यादव, जनमत पार्टीबाट सुषमाकुमारी यादव र नेकपा (एस)बाट गजेन्द्रप्रसाद कुशवाहा चुनावी मैदानमा छन् ।

११ वटा वडा रहेको सिम्रौनगढमा नेका, लोसपा, एमाले, नेकपा माओवादी केन्द्रका उम्मेदवारहरू मुख्यरूपमा विजयी हुने अनुमान गरिएको छ ।

## चुनावलक्षित भोज र नगद वितरण शुरू

प्रस, वीरगंज, २५ वैशाख/

स्थानीय चुनाव नजीकिएसँगै मतदाता रिझाउन उम्मेदवारहरू लागिपरेका छन्।




बिहान, दिउँसो, साँझ घरदैंलो कार्यक्रम गर्दै आएका उम्मेदवारहरूले अहिले भोजभतेरलाई पनि प्राथमिकता दिन थालेका छन् ।

निर्वाचन आचारसंहिता प्रभावित नहोस् भनेर उम्मेदवारहरूले यसपटक नयाँ शैलीबाट भोज शुरू गरेका छन् । गत निर्वाचनमा उम्मेदवारहरूले एकै ठाउँमा भोजभतेर गरेका थिए भने यसपटक टोलटोलमा १०–१५ जनाको समूहमा भोज गर्दैछन् । यसपटकको भोजमा पुरुष र महिलाहरूको छुट्टाछुट्टै समूह बनाएर सहभागिता गराइएको छ।

टोलटोलमा महिला–पुरुषहरूलाई छुट्टै भोजको व्यवस्था गरिएको एकजना कार्यकर्ताले बताए । एकै ठाउँमा भोज गर्दा आचारसंहिता उल्लङ्घनको बात लाग्ने भन्दै यसपटक यो शैली अपनाइएको उनको भनाइ छ। वीरगंज महानगरका टोलटोलमा अहिले यसै प्रकारका भोजहरू भइरहेका छन्। हेर्दा साथीभाइ, कार्यकर्ता मिलेर खाएको देखिने तर ती सबैको भुक्तानी उम्मेदवारले गर्दै आएका छन्। खर्चको सीमा निर्धारण गरिएकोले एकै ठाउँमा भोज नगरी यो नीति अवलम्बन गरिएको हो ।

उम्मेदवारहरूले यस्ता भोजको जिम्मेवारी लिएका छैनन् । उनीहरूले कार्यकर्ता, मतदाताहरू आफैंले खानपिनको व्यवस्था गरेको बताउँदै आएका छन् । ग्रामीण क्षेत्रमा पनि भोजको प्रतिस्पर्धा चलेको छ। उम्मेदवारहरूबीच भोज गर्ने लहर चलेको छ। मतदाताहरू पनि अहिले सजग भएका छन्। पाँच वर्षमा एकपटक

(बाँकी अन्तिम पातामा)

## निर्वाचनमा खट्ने कर्मचारीहरूको खटनपटन शुरू

प्रस, वीरगंज, २५ वैशाख/

स्थानीय तहको निर्वाचनको लागि




पर्सा जिल्लामा कार्यरत कर्मचारीहरूलाई मतदान स्थल र केन्द्रमा खटाउने कार्य वैशाख २५ गतेदेखि शुरू गरेको छ।

मुख्य निर्वाचन कार्यालय, पर्सा वीरगंजले जिल्लाका चौधवटै पालिकामा वैशाख २५ गतेदेखि कर्मचारी खटाउनको लागि सूचना जारी गरेको छ।

मुख्य निर्वाचन अधिकृत धर्मराज पौडेलले सूचना जारी गर्दै आइतवार बिहान ८ बजेदेखि ठोरी, जीराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी, जगरनाथपुर र छिपहरमाई गाउँपालिकामा खटेका कर्मचारीलाई नियुक्ति लिन सूचित गरेको छ।

यसैगरी, वीरगंज महानगरमा खटेका कर्मचारीहरूलाई वैशाख २७ गते बिहान ७ बजेदेखि नियुक्ति लिन र कालिकामाई, धोबिनी, विन्ध्यवासिनी गापा तथा पर्सागढी, पोखरिया, बहुदरमाई नगरपालिकामा खटेका कर्मचारीहरूलाई वैशाख २७ गते बिहान ८ बजे नियुक्ति लिन सूचित गरिएको छ।

महानगरबाहेक १३ वटा स्थानीय तहमा खट्ने कर्मचारीहरूलाई सम्बन्धित निर्वाचन अधिकृतसँग सम्पर्क गरी जानकारी लिन सूचित गरिएको छ । पर्सा जिल्लामा १६७ वटा मतदान स्थल र ४०४ वटा मतदान केन्द्र छन्। वीरगंज महानगरपालिकामा सबैभन्दा बढी ५५ वटा मतदान स्थल र १४३ वटा मतदान केन्द्र छन्।

## घरदैंलोमैं उम्मेदवारलाई बान्ता हुन थालेपछि...

प्रस, परवानीपुर, २५ वैशाख/

घरदैंलोमा निस्केका सर्लाही, हरिवन नगरपालिका–११ बालगङ्गाका नेकपा माओवादी केन्द्रका वडा अध्यक्ष तथा सदस्य गरी पाँचजना बिरामी भएका छन् ।

वडाध्यक्षका उम्मेदवार शेख इस्तिहार, वडा सदस्यका उम्मेदवारहरू ओमप्रकाश रौनियार, पूर्णिमा भण्डारी, शेख आरिफ, शेख रियाज गरी पाँचजना बिरामी परेका हुन् ।

पाँचजनामध्ये वडाध्यक्षका उम्मेदवार शेख इस्तिहार र वडा सदस्यका उम्मेदवार ओमप्रकाश रौनियारको वीरगंजस्थित वयोधा अस्पतालमा र तीनजनाको सर्लाहीकै हरिवनस्थित स्वाभिमान अस्पतालमा उपचार भइरहेको सर्लाहीका प्रहरी उपरीक्षक प्रवीण पोखरेलले बताए ।

मत माग्न घरदैंलोमा रहेकै बेला दिउँसो २ बजेपछि उम्मेदवारहरूले अचानक बान्ता गर्न थालेको प्रउ पोखरेलले बताए। उनले खानेकुरामा विष मिसाएर खुवाइएको कुरा आइरहेको र सोबारे छानबीन भइरहेको बताए । उनले हाल पाँचैजनाको अवस्था सामान्य रहेको बताए।

वडाध्यक्षका उम्मेदवार इस्तिहारका भाइ महमद अख्तर राजाले एमालेबाट वडा नं ११ को अध्यक्ष पदका उम्मेदवार शेख मेहबुब राजाका दाजुभाइले खुवाएको मिठाइ र कोकाकोलामा विष मिसाइएको हुन सक्ने आशङ्का व्यक्त गरे। उनले दिउँसो डेढ बजेतिर घरदैंलोमा पाँचजना निवर्तमान वडाध्यक्ष एमालेका शेख मेहबुब राजाका दाजुभाइको घरमा माओवादी केन्द्रका उम्मेदवारहरू पुगेको र सोही बेला मिठाइ र कोक खुवाएपछि पाँचजनाको स्वास्थ्य अवस्था बिग्रेको आरोप लगाइँदैछ ।

प्रहरीले विष नै खुवाएको हो कि अरू कारणले स्वास्थ्यमा समस्या आएको भन्नेबारेमा बान्ताको परीक्षण रिपोर्ट आएपछि भन्न सकिने बताएको छ ।

## विचारसार र सूक्तिहरू

**जीवनमा जोखिम मोल लेऊ। यदि जित्दछौ भने नेतृत्व लिन्छौ, हार्दछौ भने निर्देशन गर्छौ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# स्थानीय निर्वाचनमा गठबन्धन

**स्थानीय निर्वाचन अब पाँच दिन बाँकी छ। अहिलेसम्म चुनावमा जीतहारको आकलन व्यक्ति/पार्टीको गुण–दोष, निकटता/दूरी आदिको आधारमा गरिएको थियो। जतिजति दिन बित्दै जान थालेको छ, मतदातालाई करकापमा पार्ने काम हुन थालेको छ। करकाप दबाब मात्र होइन, प्रलोभन पनि हो। मतदाताको स्वतन्त्र अभिमतलाई थर्काउने, धम्क्याउने क्रम बढ्न थालेको छ। जो जति शक्तिशाली छ, उसले त्यही मात्रामा यी प्रविधिहरू प्रयोग गर्न थालेको छ। यसमा खासगरी केन्द्रीय सत्तामा गठबन्धन गरेका दलहरूको नेतृत्वहरूको अभिव्यक्ति उदेकपूर्ण ढङ्गले बाहिर आएको त छ नै, स्वतन्त्र अभिव्यक्तिलाई बेइमानीको संज्ञा पनि दिन थालिएको छ। यस्ता कुराहरूले निर्वाचनलाई प्रच्छन्न आदेश अनुसार नियमन गर्न खोजेको छनक पाइन्छ। जुन कुरा गोप्य मतदानको मर्यादाको पनि सरासर उल्लङ्घन हो। बढीमा कुनै पार्टी विशेषले आफ्ना कार्यकर्ता–मतदातालाई मात्र, त्यो पनि आफ्नै उम्मेदवार खडा छ भने, मत दिन दबाब वा निर्देशन दिनु उपयुक्त मान्न सकिन्छ। तर हाम्रो निर्वाचन र राजनीति त जहिले पनि लहैलहैमा चल्ने गरेको छ।**

**गठबन्धन एकातिर मात्र छैन, दुवैतिर छ। कुनै कम र कुनै बेसी मात्र। यसले निर्वाचनलाई व्यक्ति वा मतदाताको रोजाइभन्दा पार्टीको प्रतिष्ठाको विषय बनाइदिएको छ। पार्टी मात्रको प्रतिष्ठाको कुरा भइदिएको भए, लौ भन्न सकिन्थ्यो, तर पार्टीको व्यक्तिको स्वार्थ र रणनीतिमा गठबन्धन बन्नु दुर्भाग्यपूर्ण हो। त्यसमा पनि स्थानीय निर्वाचनमा। किनकि स्थानीय निर्वाचनले राजनीतिलाई आधार मान्दैन। यो स्थानीय जनताको लागि स्थानीय व्यक्तिले गर्ने विकासको लागि हो। स्थानीय निर्वाचन दलीय आधारमा लड्नुले विकास एकातिर, पार्टीहरूको महत्त्वाकाङ्क्षा पूर्तिको साधन मात्र बन्न पुगेको देखिन्छ। यसले समाजलाई विशृङ्खल बनाउन मात्र मदत गर्छ। यसले निर्वाचन सबैका लागि सहज बनेको देखिएको छैन। निर्वाचन बाहुबली र धनबलीहरूको कुश्ती खेल्ने अखडा बन्न पुगेको छ। त्यसै कारणले स्वार्थी नेताहरूलाई गठबन्धन आवश्यक महसूस भएको हो। यस गठबन्धनले निर्वाचनका योग्य पात्रहरू सहानुभूतिका पात्र बन्न पुगेका छन्। जो युवा छ, जसमा अन्तर्दृष्टि छ, जसले योग्यता प्रमाणित गर्न सक्ने यावत् खुबी साँचेको छ, ऊ सहानुभूतिको पात्र बन्नुजस्तो उदेकलाग्दो अवस्था के होला ?**

**दलीय प्रतिस्पर्धा केन्द्रीय वा प्रान्तीय स्तरसम्म उपयुक्त हुन्छ। त्यसका लागि जतिसुकै गठबन्धन पनि क्षम्य हुन्छ। किनकि त्यहाँ बहुमत बनाउनुपर्छ, बहुमतले कुनै खास राजनीतिक सिद्धान्त अनुसार सरकार चलाउन मदत गर्छ। बहुमत कानून बनाउन, विदेशनीति तय गर्न, सुरक्षा प्रदान गर्न, सीमाको रक्षा गर्न, आर्थिक मापदण्ड तय गर्न, देशलाई दिशा दिन आवश्यक हुन्छ। स्थानीय सरकारको सरोकार यी कुनै बुँदामा देखिंदैन, तसर्थ त्यहाँ बहुमत वा अल्पमतको सवाल पैदा हुँदैन। एउटा मेयरले कुरा नखाने वडा अध्यक्षको क्षेत्रमा पनि विकासको काम गर्नैपर्ने हुन्छ, किनकि त्यो वडामा पनि उसका मतदाताहरू बसेका हुन्छन्। यहाँ समन्वयको राजनीति चल्छ, आपसी सहयोगको वातावरण चाहिन्छ। केन्द्रमा जस्तो महीनौं संसद् चल्न नदिने दुरभिसन्धि हुँदैन। तर जे हुनु थियो, भइसक्यो। अब मतदातालाई स्वतन्त्र बन्न दिनुपर्छ। किनकि स्वतन्त्र व्यक्तिले मात्र स्वतन्त्र अभिव्यक्ति दिन सक्दछ। किनकि स्वतन्त्र अभिव्यक्ति नै प्रजातन्त्र वा लोकतन्त्रको प्राण हो।**

# विद्यालयको अर्थ र आवश्यकता

स्वतन्त्र विचार




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**वर्तमान समयमा विद्यालयहरूले आफ्नो उत्तरदायित्व राम्ररी सम्पादन गर्ने खाँचो रहेको छ किनभने विद्यालय सांस्कृतिक परम्पराको रक्षक हुन्छ। यसर्थ विद्यालय समाजको ऐना मात्र नभई समाज सञ्चालनमा एउटा आदर्श कायम गर्छ।**

जहाँ विद्यार्थीहरूलाई शिक्षकद्वारा शिक्षा प्रदान गरिन्छ, सामान्य अर्थमा त्यसलाई विद्यालय भनिन्छ। विद्यालयलाई अङ्ग्रेजी भाषामा स्कूल भनिन्छ। स्कूल शब्दको उत्पत्ति 'shola' वा 'skhole' शब्दबाट भएको हो जसको अर्थ 'अवकाश' हुन्छ। यस सम्बन्धमा एएफलीचले के प्रस्ट पारेका छ भने "वादविवाद वा वार्ताको ठाउँ, जहाँ एथेन्सका युवाहरू छुट्टीको बेला खेलकूद, व्यवसाय र युद्ध प्रशिक्षणमा व्यतीत गर्दथे, बिस्तारै दर्शन र उच्च कलाको विद्यालयमा परिवर्तन भए। एकेडमीको सुन्दर बगैंचामा व्यतीत गरिने छुट्टीको माध्यमले विद्यालयको विकास भएको हो।"

विद्यालय शब्द संस्कृतका दुइटा शब्द विद्या+आलय विद्या प्रदान गर्ने घर हुन्छ। अतः विद्यालय त्यो स्थल हो, जहाँ ज्ञान प्राप्त हुन्छ। यसले यस्तो वातावरण निर्माण गर्छ, जसलाई एउटा केटा वा केटीले एउटा निश्चित अवधिमा निश्चित पाठ्यक्रमद्वारा पूरा गर्छन्। वर्तमानमा धेरैजसो विद्यालय, त्यो ठाउँ हो, जहाँ बिक्रेता वा शिक्षकहरूद्वारा केही विषयहरूको सूचना बेचिन्छ। विद्यालयको यस अवधारणालाई पेस्टालाजीको शब्दमा "केटाकेटीलाई उसको स्वाभाविक जीवनबाट टाढा गर्छ र उसको स्वतन्त्रतालाई अवरोध गरेर अनावश्यक कुरा घोक्न भेडाजस्तै हाँकेर घण्टौं, दिन, साता, महीनौं र वर्षभरि पीडादायक जन्जीरमा बाँधिन्छ।"

तर नौलो शैक्षिक विचार र प्रयोगले उक्त अवधारणामा परिवर्तन ल्याउने प्रयास गरेको छ। फ्राबेलले विद्यालयलाई 'केटाकेटीहरूको बगैंचा' भनेका छन्। जसरी बगैंचामा मालीले रूखबिरुवाहरूको हेरचाह गरेर उत्तम फलफूल दिनको लागि तयार गर्छ त्यसैगरी शिक्षकहरूले केटाकेटीहरूको चौतर्फी शारीरिक, मानसिक, सामाजिक, नैतिक आदि विकासका लागि उनीहरूको हेरचाह गर्नुपर्छ। विद्यालय एउटा सानो समुदाय हो, जसको स्थापना विशिष्ट उद्देश्य पूर्तिका लागि गरिन्छ। यसमा त्यस्ता सामूहिक क्रियाकलापलाई ठाउँ दिइन्छ, जसमा भाग लिएर केटाकेटी स्वयंलाई समाजको एउटा जागरूक सदस्य बनाउन सकून् अर्थात् उत्कृष्ट नागरिक गुण सिक्न सकून्। आज समाजमा युवाहरूको लागि व्यक्तिगत निर्देशन र सल्लाहको अत्यन्त आवश्यकता छ, किनभने समाज आज सङ्क्रमणकालबाट गुज्रिरहेको छ। यस कारण विद्यालयहरूले एउटा उपचार केन्द्रको रूपमा आफ्नो भूमिका निर्वाह गर्नुपर्छ।

विभिन्न विद्वान्हरूले विद्यालयको विभिन्न तरीकाले परिभापा दिएका छन्। ती परिभाषाहरूको अध्ययनपछि के तथ्य प्रस्ट हुन्छ भने विद्यालय एउटा विशिष्ट वातावरणको नाम हो। यहाँ सम्पन्न हुने सबै खाले क्रियाकलापहरू केटाकेटीहरूको विकासका लागि उत्तरदायी छन्। यो केटाकेटीहरूको विकासको केन्द्र हो। विद्यालय केटाकेटीहरूलाई समाजयोग्य बनाउने संस्था हो। त्यहीं अर्कोतिर के पनि प्रस्ट हुन्छ भने विद्यालय समाजद्वारा निर्मित संस्था हो। यो त्यो ठाउँ हो, जहाँ संसारको महत्त्वपूर्ण क्रियाहरूलाई ठाउँ दिइन्छ। यसले समाजको उत्कृष्ट रूपको प्रतिनिधित्व गर्छ। यो केटाकेटीहरूको भावी जीवनको तयारीका लागि स्थापित गरिन्छ। विद्यालय सामुदायिक जीवनको केन्द्रबिन्दु हुनुपर्छ।

विद्यालयको आवश्यकतामाथि भारतीय शिक्षाविद् एस. बालकृष्ण जोशीले के लेख्छन् भने–"कुनै पनि राष्ट्रको प्रगति कलकारखाना, संसद् वा न्यायालयबाट नभई विद्यालयबाट हुन्छ।" आधुनिकीकरण, उद्योगीकरण, शहरीकरण, जनसङ्ख्या वृद्धि, विघटित परिवार र बढी भौतिक सुखसुविधाको कारण वर्तमानमा मानिसको जीवन जटिल हुँदै गएको छ। वर्तमानमा मानिसलाई व्यावहारिक जीवनको कैयन समस्यासँग जुझ्नुपरिरहेको छ। यी यावत् समस्याहरूको समाधानबेगर मानिसको लागि बाँच्न गाऱ्हो भइसकेको छ तर यावत् समस्याको समाधान गर्न त्यति सजिलो पनि छैन। यसको लागि चौतर्फी ज्ञान र विज्ञानको आवश्यकता छ। यस कारण यस्ता आवश्यकता पूर्तिका लागि विद्यालयको आवश्यकता छ किनभने विद्यालयहरू नै जटिल समाजको साधन र सिद्धिहरूलाई भावी पीढीसम्म पुऱ्याउन सक्षम छन्। विद्यालयको आवश्यकता तपसीलका बूँदाबाट प्रस्ट हुन्छ।

१) **परिवार र विश्वलाई जोड्ने कडी:**

परिवारले केटाकेटीहरूमा माया, दया, सहानुभूति, सहनशीलता, सहयोग, सेवा, अनुशासन र निस्स्वार्थ भावजस्ता गुणहरूको विकास गर्छ। तर पारिवारिक पर्खालको चक्करमा परेर उनीहरूका यी सबै गुण आफन्तसम्म मात्र सीमित हुन पुग्छ। यसबाट उसको दृष्टिकोण सङ्कुचित हुन्छ। विद्यालय केटाकेटीहरूको पारिवारिक जीवनलाई बाह्य जीवनसँग जोड्ने महत्त्वपूर्ण कडी हो। कारण के हो भने विद्यालयमा रहँदा उसले अन्य केटाकेटीहरूसँग सम्पर्क स्थापित गर्छ। यसरी उसको दृष्टिकोण फराकिलो हुन्छ, जसबाट बाह्य समाजसँग सम्पर्क स्थापित गर्न कठिनाई हुँदैन।

२) **जीवनको जटिलता:**

वर्तमान जीवन प्राचीनकालजस्तै सरल र सुखमय रहेन। पहिले मानिससँग आफ्नो आवश्यकता पूर्ति गर्न र सन्तानलाई शिक्षित गर्न पर्याप्त समय हुन्थ्यो। आज जनसङ्ख्या वृद्धि, भौतिक साधनहरूको प्रचुरता र सामानहरूको बढ्दो मूल्यले गर्दा जीवन जटिल हुँदै गएको छ। आज मानिससँग फुर्सदको अभाव भएको कारणले सन्तानलाई स्वयं शिक्षित गर्नु सम्भव छैन। यसर्थ उसले यो कार्य विद्यालयलाई सुम्पेको छ।

३) **विशाल सांस्कृतिक विरासत :**

वर्तमान सांस्कृतिक विरासत धेरै विस्तृत भएको छ, जसमा कैयन प्रकारका ज्ञान, सीप र कार्य गर्ने विधि समावेश गरिएको छ। यस्तो उत्तराधिकारको शिक्षा दिन मानिस आफूलाई असमर्थ पाउँछ। यस कारण उसले यो कार्य विद्यालयलाई सुम्पिदिएको छ।

४) **चौतर्फी प्रतिभाको उद्गमस्थल :**

हुनत घरपरिवार केटाकेटीहरूको पहिलो पाठशाला हो, तर घरमा हासिल हुने शिक्षा धेरै सङ्कुचित हुन्छ। यस प्रकारको शिक्षाद्वारा उनीहरूलाई त्यो ज्ञान हासिल हुँदैन, जुन विद्यालयमा प्राप्त हुन्छ। विद्यालयमा उनीहरूलाई चौतर्फी शिक्षा दिइन्छ, जसबाट जीवनको हरेक क्षेत्रमा ऊ सफल हुन सक्छ। विद्यालयमा केटाकेटीहरूले कुनै पनि विषयमा विशिष्ट र विस्तृत ज्ञान हासिल गर्छ। यस कारण घरको तुलनामा विद्यालय शिक्षा महत्त्वपूर्ण हुन्छ।

५) **विशिष्ट वातावरणको अवस्था :**

विद्यालयले विद्यार्थीहरूलाई एउटा विशिष्ट वातावरण प्रदान गर्छ। यो वातावरण शुद्ध, सरल र सुव्यवस्थित हुन्छ। विद्यार्थीमाथि यसको सही र शिक्षाप्रद प्रभाव पर्दछ। यस्तो वातावरण शिक्षाको अन्य कुनै साधनले प्रदान गर्न सक्दैन।

६) **व्यक्तित्व विकास :**

घर, समाज, धर्म आदि शिक्षाका राम्रो साधन हुन् तर यसको न कुनै निश्चित उद्देश्य हुन्छ, न पूर्व निर्धारित कार्यक्रम नै। परिणामस्वरूप कहिलेकाहीं केटाकेटीहरूको व्यक्तित्वमाथि यसको नकारात्मक प्रभाव पर्छ। यसविपरीत विद्यालयको एउटा निश्चित उद्देश्य र पूर्व निर्धारित कार्यक्रम हुन्छ। परिणामस्वरूप केटाकेटीहरूमाथि यसको व्यवस्थित प्रभाव पर्छ र उसको व्यक्तित्वको सामञ्जस्यपूर्ण विकास हुन्छ।

७) **आवश्यकता पूर्तिमा सहयोगी :**

मानिस सामाजिक प्राणी हो। यस कारण वर्तमान भौतिकवादी युगमा मानिसको आवश्यकता र इच्छा बढ्दै गइरहेको छ। विद्यालयमा केटाकेटीहरूको रुचि र आवश्यकता अनुसार शैक्षिक वातावरणको निर्माण गरिन्छ, जसमा उनीहरूले थरीथरीका ज्ञान हासिल गरेर आफ्नो तथा समाजको आवश्यकता पूर्ति गर्न सकून्।

८) **सामुदायिक जीवनलाई प्रोत्साहन :**

विद्यालय एउटा सामाजिक संस्था हो र शिक्षा एउटा सामाजिक प्रक्रिया। यस कारण यी दुइटैले सामाजिक विकास तथा सामुदायिक जीवनलाई विकसित गर्न सहयोग प्रदान गर्दछ। सामाजिक विकासबाट सामाजिक गुण हासिल हुन्छ र सामुदायिक जीवनले केटाकेटीमा स्वतन्त्रता, समानता र भ्रातृत्व आदि आदर्शको महत्त्वलाई प्रोत्साहित गर्दछ।

९) **विद्यालयले घरभन्दा बढी शिक्षा दिन्छ :**

विद्यालयमा विभिन्न परिवार, समुदाय र संस्कृतिबाट विद्यार्थी शिक्षा हासिल गर्न आउँछन्। त्यहाँ उनीहरू सँगसँगै बसेर ती सबै कुरा हासिल गर्छन् जुन परिवारमा सम्भव छैन। यसर्थ सामाजिक शिष्टता, सहानुभूति र निष्पक्षता आदि गुण विकसित गर्न विद्यालय पठाउनु अति आवश्यक छ।

१०) **प्रगति एवं विकासको लागि उपयुक्त वातावरण :**

विद्यालयले केटाकेटीको प्रगति एवं विकासका लागि उपयुक्त एवं सन्तुलित वातावरण प्रदान गर्छ। अज्ञानता, निर्धनता, बसोवासको अभाव, कोलाहल, सामाजिक विकृति आदिका कारण घर तथा छिमेकको वातावरण अनैतिक र अव्यवस्थित हुन्छ जसमा शिक्षा हासिल गर्नु अनुपयुक्त मात्र नभई असम्भव पनि हुन्छ। विद्यालयले विद्यार्थीहरूको लागि उपयुक्त, सरल, शुद्ध र सन्तुलित वातावरण प्रस्तुत गर्छ।

११) **विद्यालय पारिवारिक र बाह्य जीवनलाई जोड्ने कडी :**

परिवारमा जन्मेर केटाकेटीको प्रारम्भिक विकास पनि त्यहीं हुन्छ। परिवारमा बसेर उसले सेवा, माया, सहयोग, आज्ञाकारिता, अनुशासन आदि आदर्श गुण हासिल गर्छ। परिवारबाट निस्केर विद्यालय पुग्दा उनीहरूलाई विभिन्न धर्म, जातजाति र सम्प्रदायका केटाकेटीहरूसँग बस्नुपर्छ। जसले गर्दा उसको दृष्टिकोण फराकिलो हुन्छ र उसले बाह्य क्रियाकलापमा पनि रुचि लिन थाल्छ।

१२) **राज्यको आदर्श र विचारहरूको प्रचार :**

राज्यको आदर्श र विचारलाई सीमित समयमा प्रसारित गर्ने महत्त्वपूर्ण थलो विद्यालय हो। यसै कारणले होला गणतान्त्रिक, साम्यवादी र फासिस्टवादी सबै खाले सरकारले विद्यालयको महत्त्व स्वीकार गरेका छन्।

वर्तमान समयमा विद्यालयहरूले आफ्नो उत्तरदायित्व राम्ररी सम्पादन गर्ने खाँचो रहेको छ किनभने विद्यालय सांस्कृतिक परम्पराको रक्षक हुन्छ। यसर्थ विद्यालय समाजको ऐना मात्र नभई समाज सञ्चालनमा एउटा आदर्श कायम गर्छ। यसैगरी हरेक देशको एउटा आदर्श हुन्छ। विश्वमा आआफ्नो ढङ्गले हरेक राष्ट्रले केही न केही योगदान गर्नुपर्ने हुन्छ। यो योगदान राष्ट्रको आदर्शमाथि निर्भर हुन्छ। विद्यालय यी आदर्शहरूबाट विद्यार्थीलाई दीक्षित गर्ने प्रयास गर्छ। लोकतन्त्र, राजनीति, समाज र अर्थतन्त्र त्यसबेला मात्र सफल हुन्छ जब नागरिक–शिक्षामाथि ध्यान दिइन्छ। विद्यालय लोकतान्त्रिक संस्कारलाई विद्यार्थीहरूको व्यवहारमा उतार्ने प्रयास गर्छ।

सबै केटाकेटीहरू समान हुँदैनन्। कोही प्रतिभावान्, कोही मध्यम स्तरका त कोही पिछडिएका हुन्छन्। विद्यालयमा यी सबै खाले विद्यार्थीहरूको व्यक्तित्व विकासको अवसर प्रदान गरिन्छ। राम्रो जीवन कसरी व्यतीत गर्ने भन्ने शिक्षा विद्यार्थीको आवश्यकता हो। साधारण परिवारको वातावरण कोलाहलमय र कलहपूर्ण हुन सक्छ। यस्तो अभावग्रस्त परिवारबाट जीवनोपयोगी कलाको शिक्षाको आशा गर्नु पोखरीमा जौ उमार्नु जस्तै हुन्छ। तर विद्यालयले अलिकति प्रयास गरेर यस दिशामा विद्यार्थीहरूलाई शिक्षित गर्न सक्छ। यसरी विद्यालयले सामाजिक पुनर्संरचनाको दायित्व लिएर यस्तो शिक्षा दिन्छ, जसबाट विद्यार्थीले सामाजिक कुरीतिको आलोचना गर्न सकोस्, साथै समुदाय एवं राज्यमा आफ्नो ठाउँ राम्ररी बुझेर आफ्नो अधिकार र कर्तव्यको उपयोग गर्न सकोस्। (प्रस्तुत आलेख विद्यालय भर्ना अभियानलाई सार्थक बनाउन लेखिएको हो।)

# स्थानीय तह निर्वाचन : वयस्क उम्मेवारको सङ्ख्या बढी

काठमाडौं, २५ वैशाख/रासस

आसन्न स्थानीय तह निर्वाचनमा विभिन्न पदमा उम्मेदवारी दिनेमा वयस्कको सङ्ख्या उल्लेख्य देखिएको छ। निर्वाचन आयोगका अनुसार ३५ देखि ५० वर्ष उमेर समूहका उम्मेवारको सङ्ख्या ७६ हजार १६२ छ।

सो उमेर समूहका ३९ हजार ६६९ जना पुरुष र २७ हजार ४९३ जना महिला उम्मेदवार छन्। एक्काइसदेखि ३५ वर्ष उमेर समूहका १८ हजार ७८० जना पुरुष र १६ हजार ४७८ जना महिला गरी कुल ३५ हजार २५८ जना उम्मेदवार छन्। यसैगरी, ५१ देखि ६५ वर्ष उमेर समूहका उम्मेदवारको सङ्ख्या ३७ हजार ५४ छ। सो उमेर समूहमा २६ हजार ५१५ जना पुरुष र १० हजार ५३९ जना महिला छन्।

यस्तै, ६५ वर्षमाथिका चार हजार ३५० जना पुरुष र एक हजार १७७ जना महिला गरी पाँच हजार ५२७ जना उम्मेदवार रहेका छन्। यही वैशाख ३० गते ७५३ स्थानीय तहका कुल ३५ हजार

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# उम्मेदवार घरदैंलो अभियानको अन्तिम चरणमा

जनकपुर, २५ वैशाख/रासस

आसन्न स्थानीय तह निर्वाचनका लागि धनुषाका विभिन्न पालिकाका उम्मेदवार घरदैंलो अभियानको अन्तिम



तस्वीरः प्रतीक

चरणमा पुगेका छन् ।

गाउँ–गाउँका मतदातालाई आफ्नो पक्षमा रिझाउन घरदैंलो अभियानमा केन्द्रित उम्मेदवारले प्रचारप्रसारलाई अन्तिम चरणमा पुऱ्याएका छन् । मौन अवधि शुरू भएपछि प्रचारप्रसार गर्न नपाउने भन्दै उम्मेदवारलाई मतदाताको घरदैंलोमा पुग्ने चटारो छ ।

आफ्नो पालिकाभित्रका वडा–वडा र घर–घरमा मत माग्न व्यस्त उम्मेदवार मौन अवधि शुरू हुनुपूर्व नै सबै मतदाताको घर–घरमा पुगिसक्ने योजनामा छन् । "करीब–करीब सबै वडामा घरदैंलो सकिएको छ," सत्तारूढ गठबन्धनका तर्फबाट जनकपुरधाम उपमहानगरपालिकाको प्रमुख पदका उम्मेदवार लालकिशोर साहले भने, "बाँकी रहेका केही मतदाताको घरदैंलोमा आज साँझसम्म पुग्ने लक्ष्य छ ।" मौन अवधि शुरू नहुन्जेलसम्म प्रचारप्रसार जारी रहने उनको भनाइ छ ।

यस्तै, लोसपाका उम्मेदवार मनोज चौधरीले पनि आफूहरूको घरदैलो कार्यक्रम अन्तिम चरणमा पुगेको बताए । "हामीले उपमहानगरपालिकाका करीब सबै वडामा घरदैलो गरिसकेको र बाँकी रहेका वडामा आज बिहानैदेखि घरदैलो गरिरहेका छौं," उनले भने, "आज साँझसम्म सबै ठाउँमा घरदैलो सकिन्छौं ।" विभिन्न दलका उम्मेदवार आफ्नो पार्टीको घोषणापत्र र एजेन्डा बोकेर मतदाताको घर–घरमा पुगिरहेका छन्, भने स्वतन्त्र उम्मेदवार आफ्नो चुनाव चिह्न अङ्कित झन्डा, ब्यानर र व्यक्तिगत एजेन्डा सुनाउँदै मतदातासँग मत माग्न व्यस्त छन् ।

निर्वाचन कार्यक्रम अन्तर्गत वैशाख २७ गते सोमवार रातिदेखि मौन अवधि शुरू हुने मधेस प्रदेश निर्वाचन कार्यालय, धनुषाका प्रमुख श्रीधर पन्थीले जानकारी दिए । एक उपमहानगरपालिका, तीन उपमहानगरपालिकासहित १३६ स्थानीय तह रहेको मधेस प्रदेशमा पालिकाको प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्षसहित विभिन्न पदमा करीब ४० हजार ९२४ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । कुल आठ जिल्ला रहेको मधेस प्रदेशमा ३३ लाख ३१ हजार १७० मतदाता रहेको निर्वाचन आयोगले जनाएको छ ।

**माओवादी केन्द्रद्वारा बागी उम्मेदवारसहित छ व्यक्ति पार्टीबाट निष्कासित**

नेकपा माओवादी केन्द्रले सिराहा गोलबजार नगरपालिकाका छजना नेता, कार्यकर्तालाई पार्टीबाट निष्कासित गरेको छ । माओवादी केन्द्रले पार्टीको आधिकारिक उम्मेदवारविरुद्ध बागी उम्मेदवारी दिने स्वतन्त्र उम्मेदवार र उनीहरूका सहयोगीलाई पार्टीबाट निष्कासन गरेको हो ।

आसन्न स्थानीय तह निर्वाचनका लागि पार्टीले गोलबजार नगरपालिकाको नगरप्रमुख र उपप्रमुख पदमा उम्मेदवार बनाएकाविरुद्ध बागी बनेर स्वतन्त्र उम्मेदवारी दिएका रामचन्द्र महतो कोइरी, बास्ना मोक्तानसहित उनीहरूको सहयोगी प्रवेश लामा, पूजन सिंह, कमल स्याङ्यो र मनोज सिंहलाई कारबाई गरिएको पार्टीका मधेस–प्रदेश इन्चार्ज गणेश साहले जानकारी दिए ।

पार्टी निर्णयविपरीत स्वतन्त्र उम्मेदवारी दिने तथा बागी उम्मेदवारलाई सहयोग गर्ने छजनालाई नै पार्टीको साधारण सदस्यतासमेत नरहने गरी कारबाई गरिएको इन्चार्ज साहले बताए । कारबाईमा परेका कोइरीले गोलबजार नगरपालिकाको नगरप्रमुखमा र मोक्तानले उपप्रमुख पदमा स्वतन्त्र उम्मेदवारी दिएका छन् । माओवादी केन्द्रले सो नगरपालिकाको निवर्तमान प्रमुख देवनाथ साह र निवर्तमान उपप्रमुखमा रेशमकुमारी थापालाई पुनः सोही पदमा उम्मेदवार बनाएको छ ।

# सुनको मूल्य तोलाको रु ९८ हजार ६००

काठमाडौं, २५ वैशाख/रासस

सुनचाँदी बजारमा साताको पहिलो कारोबार दिन आइतवार छापावाल सुनको मूल्य प्रतितोला रु ९८ हजार ६०० तोकिएको छ । अघिल्लो दिन प्रतितोला रु ९८ हजारमा कारोबार भएको पहेंलो धातुको मूल्य रु ६०० ले बढेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार तेजाबी सुनको मूल्य प्रतितोला रु ९८ हजार १०० छ । यसको मूल्य अघिल्लो दिन प्रतितोला रु ९७ हजार ५०० थियो ।

त्यस्तै, आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु पाँचले बढेर रु एक हजार २८५ पुगेको



महासङ्घले जनाएको छ । अन्तर्राष्ट्रिय बजारमा आज सुन प्रतिऔंस एक हजार ८८३ डलर आसपास कारोबार भइरहेको छ ।

**स्थानीय तह.......**

२२१ पदका लागि निर्वाचन हुँदैछ । निर्वाचनमा कुल एक लाख ४५ हजार १० जना उम्मेदवार छन् ।

नगरपालिका प्रमुखमा तीन हजार २३८, उपप्रमुखमा एक हजार ९६४, गाउँपालिका अध्यक्षमा तीन हजार ९२ र उपाध्यक्षमा दुई हजार १६३ जनाको उम्मेदवारी कायम भएको छ । यस्तै, वडाध्यक्षमा ३२ हजार ४९६, सदस्यमा ५३ हजार १७३, महिला सदस्यमा २५ हजार ५९९ र दलित महिला सदस्यमा २३ हजार २८५ जनाको उम्मेदवारी परेको छ ।


# स्थानीय निर्वाचनः दलहरू महिलाप्रति अनुदार भएको गुनासो

–नानीमैया कटवाल

सप्तरी, २५ वैशाख/रासस

आसन्न स्थानीय तहको निर्वाचनका लागि सप्तरीमा आठजना महिलाले मात्र पालिकाको नेतृत्वका लागि उम्मेदवार बन्ने मौका पाएका छन् । सात स्थानका लागि छुट्टाछुट्टै दलले थोरै मात्र महिलाको नेतृत्वमा उम्मेदवार उठाएका छन् ।

गत स्थानीय तहको निर्वाचनमा भने




कुनै पनि ठूला दलले महिलाका नेतृत्वमा उम्मेदवार उठाएका थिएनन् । मुख्य निर्वाचन अधिकृतको कार्यालय सप्तरीको तथ्याङ्क अनुसार सप्तरीमा नौवटा नगरपालिकामा ९३ जना नगरप्रमुखका उम्मेदवारमध्ये चारजना महिला तथा नौवटा गाउँपालिकामा १०३ जना अध्यक्षका उम्मेदवारमध्ये त्यत्तिकै सङ्ख्याका महिला मात्र उम्मेदवार बन्न पाएका छन् ।

घरदैंलो, जुलुस र नारामा महिलाको उल्लेख्य सहभागिता रहे पनि उम्मेदवारीमा न्यून सङ्ख्या देखिएको बोदे बर्साइन नगरपालिकाकी उपप्रमुख रञ्जुकुमारी साहले बताइन् । साहले यसपटक उम्मेदवारी पाएकी छैनन् । स्थानीय राजनीतिमा प्रभाव राख्न सक्ने थोरै महिलालाई मात्र ठूला दलले नेतृत्वमा अवसर दिंदै चुनावी मैदानमा उतारेको महिला मानव अधिकार रक्षक सञ्जाल सप्तरीकी अध्यक्ष अनीता देवकोटाले बताइन् । आफ्नो पाँच वर्षे कार्यकाल विवादरहित र उत्कृष्ट ढङ्गले बिताएका उपप्रमुखलाई राजनीतिक दलहरूले माथिल्लो नेतृत्वको अवसर दिन नसकेको गुनासो उनले गरिन् । "पुरुष आकाङ्क्षीलाई छाडेर राजनीतिक दलले महिला नेतृत्वलाई विश्वास गर्न अझै सकेनन्," देवकोटाले भनिन् ।

नेकपा (एमाले) र नेकपा (एकीकृत समाजवादी)ले तिलाठी कोइलाडी गाउँपालिकाबाट महिलाका नेतृत्वमा उम्मेदवारी दिएका छन् । एमालेले मीनादेवी राम चमारलाई र एकीकृत समाजवादीले किरणकुमारी मिश्रलाई अध्यक्षका उम्मेदवार बनाएका छन् । सो पालिकामा एमालेले उपाध्यक्षमा महिलालाई नै उम्मेदवार बनाएको छ भने एकीकृत समाजवादीको उम्मेदवारी परेको छैन । राम र मिश्रले अन्य छजना पुरुषसँग प्रमुखमा प्रतिस्पर्धा गरिरहेका छन् ।

नेपाली काङ्ग्रेसले सुरुङ्गा नगरपालिकाबाट गीता चौधरी र नेकपा (माओवादी केन्द्र)ले बलान बिहुल गाउँपालिकाबाट पविताकुमारी यादवलाई अध्यक्षमा उम्मेदवार बनाएका छन् । दुवै दलले उपप्रमुख र उपाध्यक्षमा पुरुष उम्मेदवार उठाएका छन् । सुरुङ्गाका नगरप्रमुख र बलान बिहुल गाउँपालिकाका अध्यक्षमा आठ/आठ जनाको उम्मेदवारी परेको छ ।

जनमत पार्टीले भने दुईवटा नगरपालिकामा महिलाको नेतृत्वमा उम्मेदवारी दिएको छ । राजविराजबाट ममता झा र सप्तकोशीबाट प्रियङ्काकुमारी सन्तको नेतृत्वमा जनमत पार्टीले चुनाव लडिरहेको दलका अध्यक्ष चन्देश्वर मण्डलले बताए ।

राजनीतिक चहलपहल र सक्रियताका हिसाबले महत्त्वपूर्ण केन्द्र राजविराजको उपप्रमुखमा जनमत पार्टीले महिलालाई नै उपप्रमुखमा समेत उम्मेदवार बनाएको छ भने सप्तकोशीमा उपप्रमुखमा उम्मेदवार पुरुष छन् । राजविराज नगरपालिकामा १८ र सप्तकोशी नगरपालिकामा सातजना नगरप्रमुख पदमा उम्मेदवार छन् ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा)ले तिरहुत गाउँपालिकाबाट साधनाकुमारी यादवलाई अध्यक्षको उम्मेदवार बनाएको छ । तिरहुतमा यादवसहित १२ जना अध्यक्षका उम्मेदवार छन् ।

सप्तरीका रूपनी र विष्णुपुर गाउँपालिकाका अध्यक्षमा मात्र उम्मेदवारी दिएको नेमकिपाले रूपनीमा श्यामकुमारी साहलाई उम्मेदवार बनाएको छ । रूपनीमा स्वतन्त्रसहित १७ जना अध्यक्ष पदका उम्मेदवार छन् ।

सप्तरीका नौ–नौ नगरपालिका र गाउँपालिकाका मुख्य दुई पदमा १९ दलको उम्मेदवारी परेको छ । सप्तरीका १८ वटै स्थानीय तहका दुवै मुख्य पदमा एमाले, काङ्ग्रेस र जनमत पार्टीको मात्र उम्मेदवारी परेको छ । सप्तरीमा पाँच हजार ५३५ उम्मेदवार हुँदा ९३ नगर प्रमुखमा, ६९ नगर उपप्रमुखमा, १०३ गाउँपालिका अध्यक्षमा र ८० जना गाउँपालिका उपाध्यक्षमा उम्मेदवार छन् । यसैगरी, वडाध्यक्षमा एक हजार २००, सदस्यमा दुई हजार १४, महिला सदस्यमा एक हजार नौ र दलित महिला सदस्यमा ९६७ जना उम्मेदवार चुनावी मैदानमा होमिएका छन् ।

यसपटक सबै दलमा उम्मेदवार बन्न आकाङ्क्षी महिलाको सङ्ख्या बढाएर सिफारिश भएपनि वडाध्यक्षदेखि नगर वा गाउँपालिकाका प्रमुख र उपप्रमुखमा धेरै महिलाले अवसर नपाएको जसपाबाट राजविराजका उपप्रमुख उम्मेदवार साधना झाले बताइन् । गत निर्वाचनमा उपप्रमुखमा निर्वाचितमध्ये अधिकांशले यसपटक प्रमुखका रूपमा दाबी गरेका थिए । तीमध्ये कसैले पनि चाहे अनुसारको अवसर नपाएको उनको भनाइ छ । दलीय राजनीतिमा सक्रिय हुँदै सङ्गठन विस्तारका काममा खटिए पनि सातजना पुनः उपप्रमुखमा उम्मेदवारी दोहोऱ्याउन बाध्य भए भने ११ जना उपप्रमुख/उपाध्यक्ष उम्मेदवारसमेत बन्न पाएनन् ।

गत स्थानीय तहमा उपप्रमुख र उपाध्यक्षमा निर्वाचित ११ जना महिला नेत्रीले पुनः अवसर पाएका छैनन् । राजविराजका उपप्रमुख झा, शम्भुनाथ नगरपालिकाका उपप्रमुख कविताकुमारी सरदार र छिन्नमस्ता गाउँपालिकाका उपाध्यक्ष उषाकुमारी मण्डलले सोही पदमा लोसपाबाट उम्मेदवारी दिएकी छन् । खडक नगरपालिकाका उपप्रमुख यास्मिन सुल्तानले काङ्ग्रेसबाट तथा हनुमाननगर कङ्कालिनी नगरपालिकाकी उपप्रमुख सरिता यादव र रूपनी गाउँपालिकाकी उपाध्यक्ष बेचनी सरदारले जसपाबाट सोही पद दोहोऱ्याउन खोजेका थिए । महिलाका तुलनामा धेरै पुरुषले प्रमुखमा दोहोऱ्याएर अवसर पाएका छन् । प्रमुखमा एमालेबाट सप्तकोशी नगरपालिकाका उत्तमकुमार शर्मा, काङ्ग्रेसबाट अग्निसाइर कृष्णसवरन गाउँपालिकाका परशुराम चौधरी, राजगढ गाउँपालिकाका


सङ्खुवासभाको सदरमुकाम खाँदबारीमा नमूना मतदान गर्दै स्थानीय । तस्वीरः रासस

परमानन्द यादव, महादेवा गाउँपालिकाका दीपककुमार यादव र विष्णुपुर गाउँपालिकाका लीलाम्बर यादवले दोहोऱ्याएर उम्मेदवार बन्ने मौका पाएका छन् ।

यस्तै, जसपाबाट हनुमाननगर कङ्कालिनीका शैलेशकुमार साह, खडकका हेमायु हक, तिरहुतका हेमन्तकुमार बहडखेर, बोदे बर्साइनका आतेशकुमार सिंह यादव, रूपनीका हरेराम यादव र बलान बिहुलका दयानन्द गोइतले पनि दोहोऱ्याएर सो अवसर पाएका छन् ।

लोसपाबाट तिलाठी कोइलाडीका सतीशकुमार सिंह, नेसपाबाट छिन्नमस्ता गाउँपालिकाका सूर्यनारायण मण्डल अमात र माओवादी केन्द्रबाट राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादवले पनि दोहोऱ्याएर प्रमुख पदमा उम्मेदवार बन्न पाउने भाग्यमानी हुन् ।

जसपाले उम्मेदवार नबनाएपछि प्रमुखमा उम्मेदवार बन्ने शर्तमा राजविराजका नगरप्रमुख शम्भुप्रसाद यादव माओवादीबाट, महादेवाका अध्यक्ष दीपककुमार काङ्ग्रेसबाट र छिन्नमस्ताका अध्यक्षमण्डल नेसपामा प्रवेश गरी प्रमुखमा उम्मेदवार बनेका छन् ।

सप्तरीका दुईवटा पालिकामा दुईवटा दलबीच भएको गठबन्धनका कारण सुरुङ्गामा जसपाले प्रमुख र माओवादीले उपप्रमुखमा तथा खडकमा माओवादीले प्रमुख र एकीकृत समाजवादीले उपप्रमुखमा पुरुषलाई नै उम्मेदवार बनाएका छन् ।

महिलाले पनि जित्न सक्छन् भन्ने विश्वास नभएका कारण दलहरूले तिनलाई प्रमुखमा उम्मेदवार बनाउन नचाहेको सुरुङ्गाका नगरप्रमुख बिन्दा पासवानले बताए । "दलहरूले जसरी पनि जित्ने उम्मेदवारलाई अवसर दिने रणनीति बनाएका छन्," उनले भने, "महिला पनि बलियो उम्मेदवार हुन सक्छन् र पुरुषसँग प्रतिस्पर्धा गर्न सक्छन् भन्ने मान्यता स्थापित हुन सकेको छैन ।"

दलको तल्ला कमिटीले आकाङ्क्षीको नाम सिफारिश गर्दा नै महिलाको नाम सबैभन्दा तल राखेर पठाउने गरेको पाइन्छ । महिला नेत्रीहरूको भनाइ अनुसार राजनीतिक दलहरूले एक सम्भावित महिला उम्मेदवारको नाम पठाउन अनिवार्य गरेकाले तल्ला कमिटीले पनि एकजना महिलाको नाम सिफारिश गरेको थियो ।

नेपालको संविधानले अनिवार्य गरेका वडा सदस्य पदबाहेक महिलालाई वडाध्यक्षमा समेत राष्ट्रिय दलहरूले थोरै सङ्ख्यामा मात्रै अवसर दिएको अग्निसाइर कृष्णासवरण–६ मा एमालेबाट वडाध्यक्षकी उम्मेदवार कुसुम आचार्यले बताइन् । स्थानीय तह निर्वाचन २०७४ मा निर्वाचित सप्तरीका एक मात्र महिला वडाध्यक्ष आचार्य पुनः सोही पदमा उम्मेदवार बनेकी छन् ।

दलमा टिकट दिने संयन्त्रमा पुरुष हुने र महिलाले अनौपचारिकरूपमा भेटघाट गर्न नसक्ने हुँदा पनि टिकट पाउने सम्भावना कम हुने तिलाठी कोइलाडीकी उपाध्यक्ष सुचिता यादवको भनाइ छ । उनले माथिल्लो कमिटीमा पुगेका कतिपय महिलाले समेत तल कमिटीमा बसेर काम गरिरहेका महिलालाई समर्थन र सहयोग नगर्ने प्रवृत्ति रहेको आरोप लगाइन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि स्थानीय तहको दोस्रोपटक निर्वाचन भइरहेको छ । दोस्रोपटकको स्थानीय निर्वाचनमा समेत १८ वटा स्थानीय तह भएको सप्तरीमा आठजना महिलालाई मात्र नेतृत्वका लागि अगाडि बढाउनाले दलहरू महिलाप्रति अनुदार रहेको देखाउने अधिवक्ता दानो चौधरी बताउँछन् ।

समावेशी प्रतिनिधित्वको ख्याल नगरी जसरीतसरी चुनाव जित्ने तरीका अपनाएमा दलले जिते पनि सिङ्गो महिला वर्गले हार्ने राजविराज–७ की कविता प्रमाणीले बताइन् । समाजको महत्त्वपूर्ण वर्गलाई अवसर नै नदिएर वा कमजोर ठाउँमा देखावटी उम्मेदवार बनाएर चुनावमा भाग लिन लगाउनु र जिताउनुको अर्थ नहुने प्रमाणी जिकिर गर्छिन् ।

संविधानले स्थानीय तह (गाउँ र नगर), प्रदेश र सङ्घीय संसद्मा कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्व अनिवार्य हुनुपर्ने व्यवस्था गरेको छ । एकातिर नेतृत्वका लागि महिलालाई अवसर नदिइएको र अर्कातिर गठबन्धनका कारण पनि उम्मेदवारीमा महिला हिस्सा कम भएको कञ्चनरूपकी सविता न्यौपानेको तर्क छ । अघिल्लो निर्वाचनमा १८ वटा पालिकामा नै महिला उपप्रमुख निर्वाचित भएका थिए । सो निर्वाचनमा प्रमुख दलहरू विनागठबन्धन चुनावमा होमिएको र सबैले उपप्रमुखमा महिला उम्मेदवार बनाएका कारण त्यस्तो नतीजा आएको थियो । यसपटक गठबन्धनका कारण दुवै मुख्य पदमा अधिकांश पुरुष उम्मेदवार भएकाले विगतको उपलब्धि पनि गुम्ने पो हो कि भन्ने न्यौपानेलाई लागेको छ ।

अधिवक्ता मनु खनालले कानूनले भने पनि नभने पनि महिला, दलित, मुसलमान, अल्पसङ्ख्यक र पिछडिएकालाई अघि बढाउनुपर्ने दायित्व मुलुक हाँक्ने अगुवाहरूको भएको जनाउँदै ती राजनीतिक दल र दलका नेता नै भएको स्पष्ट गरिन् । उनले भनिन्, "संविधानले समावेशी सिद्धान्त पालना गर भन्दाभन्दै पनि प्रमुख पदमा महिलालाई उम्मेदवार नै नबनाउनु भनेको उनीहरूलाई राज्यको पहुँचबाट विमुख बनाउन खोज्नु हो ।" शिक्षिका ललिता झा पनि देशको आधाभन्दा केही बढी जनसङ्ख्या महिलाको भएपनि सो वर्गलाई स्थानीय तहमा नेतृत्व दिन नखोज्नुले ठूलो विभेद देखिएको बताउँछिन् ।

साहित्यकार कमला भन्साली महिलालाई अघि बढ्न नदिनु वा पछाडि धकेल्नु समाजका लागि हानिकारक भएको जनाउँदै यस्तो विभेदले समाज अगाडि नबढ्ने र देशको भलो नहुने विचार व्यक्त गरिन् । "सबै वर्गको समान सहभागिताबाट मात्र मुलुकलाई समृद्धिको दिशामा अघि बढाउन सकिन्छ," उनले बताइन् ।

# हिम्मतवाली

मन्तव्य



कुमार रुपाखेती

**नवएमालेहरूले एमालेमा रजाइ मात्र गरेका छैनन् अपितु लोसपाबाट एकाएक एमालेमा परिवर्तन भएका बहुरुपियाँहरूले शकुनि पासाको चाल नै उल्टा पारिदिएका छन् । यस्ता चर्तिकलाले गर्दा पर्सामा एमाले र लोसपाको अवस्था 'आफू ताक्छु मुढो, बन्चरो ताक्छ घुँडो' साबित भएको छ ।**

मधेस आन्दोलनको राप र तापबाट जन्मिएकी महिला नेत्री हुन् रम्भा मिश्र। केही समयअघिसम्म उनी लोकतान्त्रिक समाजवादी पार्टीमा सक्रिय थिइन्। स्थानीय तहको निर्वाचन नजीकिँदै जाँदा लोसपामा उनी झन्झन् सक्रिय थिइन् । यही चैत महीनाको आधाआधीतिर कुम्हालटोल वडा नं ५ मा आयोजित लोसपाको उम्मेदवारी घोषणासभामा नगरप्रमुखमा पुरुषोत्तमलाल झा र उपप्रमुखमा रम्भा मिश्रको नाम घोषणा हुँदा ठूलै ताली गडकिएको थियो । तर जालझेलपूर्ण राजनीति अन्तर्गत लोसपाले एमालेसँग गठबन्धन भयो भन्दै रम्भा मिश्रको उपप्रमुख पदको उम्मेदवारी खोसेर पुरुषोत्तमलाल झालाई दिएपछि आहत रम्भाले उपप्रमुख पदमा गुलाबको फूल चिह्नबाट स्वतन्त्र उम्मेदवारी दिएको सबैलाई थाहै छ। रम्भामाथिको अन्याय र विमाले (एमाले)हरूले अधिसङ्ख्यक वडामा गैरएमालेहरू वडाध्यक्षमा खडा गरेपछि वीरगंज महानगरको प्रमुख पदमा सत्ता गठबन्धनलाई सजिलो भएको देखिन्छ। नवएमालेहरूले एमालेमा रजाइ मात्र गरेका छैनन् अपितु लोसपाबाट एकाएक एमालेमा परिवर्तन भएका बहुरुपियाँहरूले शकुनि पासाको चाल नै उल्टा पारिदिएका छन्। यस्ता चर्तिकलाले गर्दा पर्सामा एमाले र लोसपाको अवस्था



तस्वीर: सौजन्य

'आफू ताक्छु मुढो, बन्चरो ताक्छ घुँडो' साबित भएको छ।

'नखाउँ भने दिनभरिको शिकार खाउँ भने कान्छा बुबाको अनुहार' पारामा एमाले र लोसपा स्थानीय निर्वाचनको मैदानमा देखिन्छन्। सङ्क्षेपमा भन्ने हो भने आधा पराजित अवस्थामा छन्।

महिला सशक्तीकरण र महिला उत्थानको कुरा गर्ने एमाले र महिला जागरण चलाउने, मधेसी महिलालाई घुम्टोबाट बाहिर निकाल्न अभियान चलाउने लोसपाको असली चरित्र रम्भा मिश्रको घटनाले उदाङ्गो भएको छ । एमाले र लोसपाको गठबन्धनलाई एमाले र रम्भा मिश्रकै समर्थकहरूले लोप्पा खुवाउने देखिन्छ । यस्तै षड्यन्त्रको आभास पाएर रम्भा मिश्रले विभिन्न राजनीतिक दलका जुझारु महिलाहरूलाई जम्मा गरेर वीरगंजको घण्टाघरमा भन्डाफोर कार्यक्रमसमेत गरेकी थिइन्। तर अपसोच विमालेहरूको अचानोमा उनी नै परिन्। तर पनि थुप्रै महिलाले उनको स्वतन्त्र उम्मेदवारीलाई 'हिम्मतवाली' भनेर सराहना गरेको देख्दा मलाई त कता नगरप्रमुख पदमा एमाले, अनि विद्रोही रम्भा मिश्रको कदमले विमालेलाई बेफाइदा पुग्ने देखिन्छ । अन्यत्रझैं वीरगंजमा समेत विद्रोही र हिम्मतवालीको स्वागत छ।

# विश्व गधा दिवस मनाइँदै, लोप हुने अवस्थामा गधा

-भीष्मराज ओझा

काठमाडौं, २५ वैशाख/रासस

परापूर्वकालदेखि नै कृषि र ढुवानी प्रयोगका लागि महत्त्वपूर्ण जनावरका रूपमा रहेको गधा संरक्षणबारे सचेतना जगाउन मे ८ मा विश्व गधा दिवस मनाइएको छ।

नेपालमा यस दिवसका सम्बन्धमा सरकारी तवरमा कुनै कार्यक्रम नभए पनि गैरसरकारी संस्थाहरूले भने दिवस मनाउन सुरुआत गरेका छन्।

गधा कृषि, उद्योग तथा अन्य व्यवसायको क्षेत्रमा भारी बोक्ने काममा प्रयोग गरिन्छ। घाइते र कमजोर अवस्था भएमा वा जीवनको अन्तिम अवस्थामा लावारिस र दुर्दशामा देखिने गधाको उपचार, हेरचाह र बासस्थान विषयमा सचेतना जगाउन दिवस मनाउन शुरू गरिएको हो।

अति सहनशील बानीको गधा संरक्षणबारे सचेतना ल्याउन, उपचारसहित बासस्थान व्यवस्था र गधाबारे अध्ययन गर्नेगरी विश्वमा पुनर्स्थापना केन्द्र खुल्ने क्रम पनि बढेको वरिष्ठ पशु चिकित्सक डा अतिषकुमार यादवले बताए । उनका अनुसार अश्व प्रजातिमा घोडा, गधा र जेब्रा पर्छन् भने खच्चड हाइब्रिड हो। भाले गधा र पोथी घोडीको संसर्गबाट खच्चड जन्मिने हो। घोडा र खच्चडको तुलनामा गधालाई भने कम महत्त्वले हेरिन्छ। यो नेपालका दुर्गम पहाडी भूभागमा सामान ढुवानी गर्न र इँटाभट्टामा इँटा बोक्ने काममा बढी प्रयोग हुँदै आएको छ।

सडकमा लावारिस छोडिएका गधालाई उद्धार गरी उपचार र स्याहार गर्न तथा सचेतनाका लागि भनेर 'एनिमल नेपाल' संस्थाले ललितपुरमा 'डुकुछाप डङ्की सेन्चुरी' नाममा गधा पुनर्स्थापना केन्द्र स्थापना गरेको छ । सो संस्थाले साताभरि नै विभिन्न कार्यक्रम गरी यो दिवस मनाएको संस्थाका कार्यकारी निर्देशक हरिप्रसाद जोशीले जानकारी दिए।

**काम नलाग्ने भएपछि लावारिस छाड्ने**



तस्वीर: रासस

**क्रम बढ्दो**

पुनर्स्थापना केन्द्रमा हाल काठमाडौं, ललितपुर र भक्तपुरका इँटाभट्टामा प्रयोग गरी काम नलाग्ने भएपछि लावारिस छाडिएका दुई दर्जन बढी घोडा, खच्चड र गधा छन् । केन्द्रमा स्याहार र उपचारका लागि पशु चिकित्सकसहित प्राविधिक र अन्य कर्मचारी खटिएका छन्।

कार्यकारी निर्देशक जोशीले सो पुनर्स्थापना केन्द्रको अवधारणा सन् २००९ देखि इँटा उद्योगमा काम गर्ने गधा, खच्चड र घोडाका लागि औषधोपचार गर्ने र यो जनावर पाल्ने समुदायमा चेतनाको स्तर बढाउन तालीम दिने उद्देश्यले ल्याएको बताए।

संस्थाले घाइते घोडा, खच्चड र गधाको उद्धार गरी पुनर्स्थापना केन्द्रमा ल्याउने र उपचार गरी त्यही राख्ने गरेको छ। यो उनीहरूको बारेमा थप जान्न चाहनेका लागि अध्ययन तथा सिकाइ थलो पनि बनेको उनले बताए। केन्द्रमा हाल हिकास्ट कलेजका पशु चिकित्सक विषयमा अध्ययरत विद्यार्थीले 'इन्टर्न' गरिरहेका छन्।

खासगरी माटोका भाँडा बनाउने कसगर, धोबी र कलन्दर समुदायले गधा पाल्ने गर्छन्। कामको सिजनमा देशभरका इँटाभट्टामा इँटा बोक्ने काममा प्रयोग गर्ने र अन्य समयमा बाँकेको नेपालगंज, महोत्तरी, रौतहट, सिराहालगायत तराई क्षेत्रमा माटाका भाँडा बजारसम्म बोक्ने तथा पहाडमा ढुवानीको साधनका रूपमा गधाको प्रयोग गर्ने गरिन्छ।

अनौपचारिक तथ्याङ्क अनुसार हाल नेपालमा एक लाख ५० हजारको हाराहारीमा अश्व प्रजातिका घोडा, खच्चड र गधा रहेको अनुमान छ। तीमध्ये घोडा र खच्चडको सङ्ख्या तुलनात्मक धेरै भएपनि गधाको सङ्ख्या भने न्यून हुँदै गएको छ। यही अवस्था रहिरहे यो लोपोन्मुख जनावरको सूचीमा हुने उनले बताए। नेपालमा गधाको प्रजनन ज्यादै न्यून हुने गरेको र अधिकांश भारतका विभिन्न स्थानबाट भित्रिने गरेको छ। घोडा र खच्चड भने नेपालका पहाडमा बढी देखिन्छन्।

एनिमल नेपालका अध्यक्ष प्रमदा शाहले कृषि, उद्योग तथा अन्य व्यवसायको क्षेत्रमा भारी बोक्ने पहाडमा ढुवानीका लागि महत्त्वपूर्ण योगदान रहेको गधा संरक्षण राज्यका तर्फबाट प्राथमिकतामा पर्न नसकेको बताए। गधालाई घरपालुवा जनावरमा नराखी भारवाहक पशुका रूपमा राखिएको छ।

**स्पष्ट कानून नहुँदा बीमा गर्न समस्या**

स्पष्ट कानून नहुँदा यसको बीमा गर्न पनि समस्या रहेको अध्यक्ष शाहले गुनासो गरे। अश्व प्रजातिका जनावर बढी पाइने र काम हुने स्थानमा पशु चिकित्सकीय सेवा र तालीम प्रदान गरी यससम्बन्धी सूचना र सचेतना बढाउन उनले माग गरे । तराईको सम्म मैदानमा बस्ने र काम गर्ने गधालाई उच्च पहाडी भूभागमा कामका लागि लैजान नहुने उनको धारणा छ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले पशुप्रति हुने निर्दयी व्यवहारमा रोकावट गरी पशुको उचित व्यवस्थापन, विकास र गुणस्तर कायम गर्दै पशु स्वास्थ्य तथा पशु सेवा ऐनको मर्मअनुरूप पशु कल्याण सुनिश्चित गर्न पशु कल्याण निर्देशिका, २०७३ जारी गरेको सूचना अधिकारी डा प्रदीपचन्द्र भट्टराईले बताए।

यसैगरी, नेपालमा हालसम्म घोडाको मात्र व्यावसायिक प्रजनन केन्द्र रहेको छ। नेपाली सेनाले चितवनको भरतपुरमा घोडा प्रजनन केन्द्र स्थापना गरेको छ। प्रजनन केन्द्रमा हाल माउ र बच्चा गरी १०० घोडा रहेको र प्रत्येक वर्ष उमेरले परिपक्व भई चढ्न लायकका घोडा काठमाडौं ल्याइ तालीम गराउने गरिएको सैनिक प्रवक्ता सहायक रथी नारायण सिलवालले जानकारी दिए।

उनका अनुसार काठमाडौंको नारायणहिटी दरबार परिसरभित्र सेनाको उपत्यका कमान्ड अन्तर्गत नेपाल क्याभलरी रहेको र हाल त्यसमा १२० वटा घोडा छन्। सेनासँग रहेका घोडामध्ये प्रजनन अनुसार पर्सेरियन, अनुबेरियन र अरेबियन गरी तीन प्रकारका छन् भने काममा प्रयोग गरिने अनुसार सबैभन्दा सानो घोडा 'पोनी हर्स', त्यसभन्दा ठूलो 'राइडिङ हर्स' र सबैभन्दा ठूलो 'कार्ट हर्स' रहेका छन्।

# निर्वाचनमा खटिने सुरक्षाकर्मी र म्यादी प्रहरीको निधन भएमा परिवारलाई २० लाख सहयोग

काठमाडौं, २५ वैशाख/रासस

सरकारले स्थानीय तहको निर्वाचनका लागि सुरक्षामा खटिएका सुरक्षाकर्मीको मृत्यु भएमा निजका आश्रित परिवारलाई रु २० लाख आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको छ।


गृहमन्त्री बालकृष्ण खाणाको प्रस्तावमा आइतवार बिहान बसेको मन्त्रिपरिषद्को बैठकले निर्वाचन अवधिभर सुरक्षामा खटिने म्यादी प्रहरीसहित सुरक्षाकर्मीको मृत्यु भएमा निजका आश्रित परिवारलाई रु २० लाख आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको गृहमन्त्रीको सचिवालयले जनाएको छ।

उक्त सहायता नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग तथा म्यादी प्रहरीको हकमा लागू हुनेछ । त्यस्तै, बैठकले निर्वाचनको क्रममा घाइते भएका सुरक्षाकर्मीको उपचारमा लागेको खर्च पनि सरकारले बेहोर्ने निर्णय भएको गृहमन्त्रीको भनाइ उद्धृत गर्दै प्रेस संयोजक मधुसूदन भट्टराईले जानकारी दिए । बैठकले हिमाली जिल्लामा खट्ने म्यादी प्रहरीका लागि प्रहरी जवानसरह जिल्लागत दररेट अनुसार रासनभत्ता उपलब्ध गराउने निर्णय पनि गरेको छ।

## फरक समाचार

# थैलेसिमिया रोग के हो ?

हरेक वर्ष थैलेसिमिया रोगप्रति मान्छेलाई जागरूक गर्न ८ मेका दिन विश्व थैलेसिमिया दिवस मनाइन्छ। थैलेसिमिया एउटा ब्लड डिसअर्डर हो। यो जेनेटिक रोग हो र मातापिताबाट बच्चामा पुग्छ। यस रोगमा रगतमा




हिमोग्लोबिनको कमी हुन्छ। यस दौरान रोगीको शरीरमा रगत बन्न सक्दैन। शरीरमा रगतको कमी भएपछि स्वास्थ्यसम्बन्धी थुप्रै समस्या देखिन्छन्।

यो एनिमिया र थकानको कारण हुन्छ। थैलेसिमियाबाट पीडित व्यक्तिलाई पटक-पटक रगत चढाउनुपर्छ र खानपिनमा विशेष ध्यान दिनुपर्छ। रातो रक्त कोष बढाउने खाद्य पदार्थ उनीहरूलाई सेवन गराउनुपर्छ।

**फोलिक एसिडः** थैलेसिमियाका रोगीलाई फोलिक एसिडले भरिपूर्ण खानेकुरा सेवन गराउनुपर्छ। केराउ, नासपाती, पालक, भुइँकटहर, चुकन्दर, केरा र गेंडागुडी सेवन गराउनुपर्छ। यी खाद्य पदार्थले शरीरमा नयाँ रक्त कोष बनाउन मदत गर्छ।

**भिटामिन बी १२:** दूध र हरियो सागपातमा भिटामिन बी १२ पाइन्छ, तसर्थ यी तरकारीलाई राम्ररी पकाएर बिरामीलाई सेवन गराउनुपर्छ।

**भिटामिन सीः** थैलेसिमियाको दौरान भिटामिन सीले भरिपूर्ण खाद्य कुरा बिरामीलाई सेवन गराउनुपर्छ। भिटामिन सी अमिलो फलमा बढी पाइन्छ । सुन्तला, किवी, कागती, भेंडे खुर्सानी, स्ट्रबेरी खुवाउनुपर्छ।


**आयरनः** आयरनले शरीरमा हिमोग्लोबिन बढाउँछ। पालक, स्याउ, किसमिस, चुकन्दर, अनार, अञ्जीर र बदाम आदि सेवन गराउँदा बिरामीहरूको शरीरमा रक्त कोष बढ्छ। चिकित्सकको सल्लाह लिएर आयरनले भरिपूर्ण सप्लिमेन्ट पनि सेवन गराउन सकिन्छ।

**परहेजः** थैलेसिमियाका रोगीले मैदा, मासको दाल, चना, आलु, भन्टा, फास्टफूड, रामतोरई, जङ्कफूड, बेकरी उत्पादन, बढी मात्रामा नून र कैफिनयुक्त पेय जस्तै चिया र कफी खानुहुँदैन।

# आमाले कुन उमेरमा के जाँच गराउनुपर्छ

आज अन्तर्राष्ट्रिय आमा दिवस हो। हरेक वर्षको मे ८ तारिखका दिन मदर्स डे मनाइने गरिन्छ।

बदलिंदो समय, दिनचर्या, परिवारको चिन्ता र कामकाजका बीच आमाहरूले




आफ्नो स्वास्थ्यप्रति ध्यान दिन सक्दैनन्। यसै कारण उनीहरूले पिसिओडी, सर्भाइकल क्यान्सर, स्तन क्यान्सर र अर्थराइटिसजस्ता गम्भीर रोगको सामना गर्नुपर्छ। चिकित्सकको भनाइ छ महिलाहरू स्वस्थ रहनको लागि नियमितरूपले केही परीक्षण गराउनुपर्छ। यदि कुनै रोग शरीरमा हुर्किरहेको छ भने त्यसलाई समयमा पत्ता लगाएर उपचार गराउनुपर्छ।

दिल्लीको रोजवाक हस्पिटलका सिनियर कन्सल्टेन्ट, गाइनोकोलोजिस्ट डा लवलिना नादिर भन्छिन्, महिलाहरूमा मासिक धर्म, गर्भधारण, शारीरिक अवस्था र मानसिक स्वास्थ्यसँग सम्बन्धित समस्या हुन सक्छन्। बढ्दो उमेरमा स्वास्थ्य सल्लाह आवश्यक हुन्छ। नियमित स्वास्थ्य जाँच गर्दा रोग समयमैं पत्ता लगाएर उपचार गराउन सकिन्छ। तसर्थ सन्तानले पनि आफ्नो आमाको स्वास्थ्य हेरचाहप्रति ध्यान दिनुपर्छ। प्रिभेन्टिभ हेल्थ चेकजाँचबाट रोगको प्रारम्भिक चरणमैं उपचार गर्न सकिन्छ। यसबाट औषधि खर्च पनि कम हुन्छ।

डा लवलिनाका अनुसार महिलाहरूले गाइनोकोलोजिस्टसँग कन्सल्ट गर्ने, पेट र तल्लो भागको अल्ट्रासाउन्ड गराउने, ब्लड सुगरमाथि निगरानी राख्ने, मिर्गौला र कलेजोको परीक्षण, भिटामिन डी र बी १२ को जाँच तथा थाइराइडको जाँच गराउनुपर्छ। त्यसैगरी, लिपिड प्रोफाइल टेस्ट, इसिजी र टिएमटीजस्ता कार्डियक स्क्रिनिङ, स्तन क्यान्सरको जाँचको लागि मैमोग्राफी र अन्य क्यान्सरको स्क्रिनिङ गर्नुपर्छ।

४० देखि ४४ उमेर वर्षका महिलाहरूले वर्षमा एकपटक स्तनको स्क्रिनिङ गराउनुपर्छ। यसै प्रकार ४५ देखि ५४ वर्षका महिलाहरूले वर्षमा एकपटक मैमोग्राफी गराउनुपर्छ। सर्भाइकल क्यान्सरको स्क्रिनिङको पैप स्मियर र एचपिवी टेस्ट गराउनुपर्छ। ६५ वर्ष उमेरका महिलाहरू जसले पछिल्लो १० वर्षदेखि नियमितरूपमा जाँच गराउँदै आएका छन्, उनीहरूलाई सर्भाइकल क्यान्सरको स्क्रिनिङको आवश्यकता हुँदैन। चिकित्सकका अनुसार उमेरको हिसाबले बोन डेन्सिटी र अन्य स्क्रिनिङ गर्न पनि सुझाव दिइन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## दक्षिण कोरियामा एकै दिन ४० हजारभन्दा बढी कोरोना सङ्क्रमित

सोल, २५ वैशाख/सिन्ह्वा

दक्षिण कोरियामा पछिल्लो २४ घण्टामा ४० हजारभन्दा धेरैमा कोरोना सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य अधिकारीहरूका अनुसार यो सङ्ख्या अघिल्लो दिनको तुलनामा गएको २४ घण्टायता धेरै देखिएको हो। तर यहाँ एकै दिन पहिले चार लाखसम्म नागरिकमा कोरोना सङ्क्रमण देखिने गरेकामा पछिल्ला दिनहरूमा घटेको थियो। तर पछिल्ला केही दिनमा भने पुनः बढ्न थालेको बताइएको छ।

दक्षिण कोरियामा सङ्क्रमितको सङ्ख्या बढ्दै गएको यहाँका स्वास्थ्य अधिकारीहरूले जनाएका छन्। अधिकारीहरूका अनुसार अहिलेसम्म एक करोड ७५ लाखभन्दा पनि बढी मानिस सङ्क्रमित भइसकेका छन्। अघिल्लो दिन यहाँ ३७ हजारजनामा सङ्क्रमण देखिएकामा २४ घण्टायता आएर त्यसमा केही वृद्धि भएको बताइएको हो।


तर सङ्क्रमितमध्ये स्वास्थ्य अवस्था गम्भीर रहेका व्यक्ति भने थोरै छन्। यहाँ मृत्युदर पनि कम रहेको बताइएको छ। हालसम्म कोरियामा कोरोनाबाट २३ हजार ३६० जनाको ज्यान भइसकेको छ। सङ्क्रमितहरूमा मृत्युदर भने न्यून रहेको अधिकारीहरूले जनाएका छन्।

**अमेरिकामा अस्पताल भर्ना हुनेहरू बढे**

वाशिङ्टन/सिन्ह्वा

संयुक्त राज्य अमेरिकाका पछिल्लो समयमा कोरोना भाइरसका कारण अस्पताल भर्ना हुनेहरूको सङ्ख्या बढ्न थालेको पाइएको छ। यहाँका स्वास्थ्य अधिकारीहरूले अमेरिकामा पछिल्लो समयमा कोरोना र कोरोनाजन्य सङ्क्रमणका कारण अस्पतालमा भर्ना हुने मानिसको सङ्ख्या बढ्न थालेको जनाएका छन्।

अमेरिकी दैनिक पत्रिका 'दी न्यूयोर्क टाइम्स'ले शुक्रवारको अङ्कमा सो समाचार दिएको छ। सो पत्रिकाले पछिल्ला केही हप्ताहरूमा अमेरिकाका नागरिकहरू


तस्वीर: सिन्ह्वा

कोरोना सङ्क्रमण भएपछि अस्पताल भर्ना हुन जाने बढेको जनाएको छ। सो पत्रिकाले बिहीवार मात्र यहाँका अस्पतालमा कोरोनाजन्य जटिलताका कारण भर्ना हुन गएका नागरिकको सङ्ख्या १८ हजार रहेको थियो। यो सङ्ख्या अमेरिकाका सबै अस्पतालको हो। तर यो सङ्ख्या अघिल्लो हप्ताको तुलनामा २० प्रतिशतले बढी भएको पनि सो पत्रिकाले जनाएको छ।

यहाँ गएको दुई हप्ताको तुलनामा सङ्क्रमितको सङ्ख्या पनि बढेको पाइएको सो पत्रिकाले जनाएको छ। कोरोना सङ्क्रमित गएको बिहीवार मात्र यहाँ ६८ हजारजना भेटिएका थिए। यो सङ्ख्या अघिल्लो हप्ताको तुलनामा ६० प्रतिशतले बढी हो।

**३४५१ कोरोनाका नयाँ सङ्क्रमित**

नयाँ दिल्ली/सिन्ह्वा

भारतमा २४ घण्टाको समयावधि अर्थात् शनिवार मध्यरातिसम्म तीन हजार ४५१ व्यक्ति कोरोनाका थप सङ्क्रमति भएपछि यहाँ कुल सङ्क्रमितको सङ्ख्या चार करोड ३१ लाख दुई हजार १९४ जना पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले आइतवार बिहान जानकारी दिएको छ।

विगत केही महीनायता न्यून बिन्दुमा पुगेको कोरोना भाइरस सङ्क्रमणले केही दिनयता नयाँ सङ्क्रमितको सङ्ख्या तीन हजार नाघेको छ। २४ घण्टाको समयावधि भएका यी नयाँ सङ्क्रमितमध्ये एक हजार ४०७ जना राष्ट्रिय राजधानी दिल्लीका रहेका समाचारमा जनाइएको छ। हाल राजधानीमा पाँच हजार ९५५ जना सक्रिय सङ्क्रमित रहेका पनि थप जानकारी दिइएको छ।

यसका साथै २४ घण्टाको समयमा महामारीका कारण थप ४० जनाको मृत्यु भएपछि देशभर कोरोनाबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या पाँच लाख २४ हजार ६४ पुगेको छ। भारतभरि अझै पनि सक्रिय सङ्क्रमित २० हजार ६३५ जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ। भारतमा केही महीनायताबाट सक्रिय सङ्क्रमित घट्ने क्रम जारी रहेको थियो। तर केही हप्तायताबाट सक्रिय सङ्क्रमित बढेको पाइएको छ। रासस

## बेलायतले युक्रेनलाई थप १.६ बिलियन अमेरिकी डलर सहायता दिने

लन्डन, २५ वैशाख/एएनआई/स्पुतनिक

बेलायती अर्थमन्त्री ऋषि सुनकले कीभका लागि १.३ बिलियन पाउन्ड (१.६ बिलियन अमेरिकी डलर)को अतिरिक्त कोष प्याकेज प्रदान गर्न लागेको जानकारी दिएको दी सन्डे टाइम्सले उल्लेख गरेको छ।

यो रकम ट्रेजरीको आपत्कालीन कोषबाट लिइनेछ र युक्रेनलाई बेलायतको विद्यमान १.५ बिलियन पाउन्ड सहयोगको अतिरिक्त प्रदान गरिने जनाइएको छ।

बेलायतका रक्षामन्त्री बेन वालेस र विदेशमन्त्री लिज ट्रसको दबाबपछि सुनकले थप सहायताको पुष्टि गरेको दी सन्डे टाइम्सले जनाएको छ।

डोनेट्स्क र लुहान्स्क जनवादी गणतन्त्र (डिपिआर र एलपिआर)ले युक्रेनी उत्तेजनाहरूविरुद्ध आफ्नो रक्षा गर्न मदतको लागि अपील गरेपछि रूसले गत फेब्रुअरी २४ मा युक्रेनमा आफ्नो विशेष सैन्य अपरेशन शुरू गरेको हो। रूसले आफ्नो विशेष अपरेशनको उद्देश्य युक्रेनलाई निशस्त्रीकरण गर्नु रहेको बताएको छ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनका अनुसार डोनबासका जनतालाई जोगाउने लक्ष्य रहेको छ, जो आठ वर्षदेखि कीभ शासनद्वारा दुर्व्यवहार र नरसंहारको शिकार भएका छन। रूसको कारबाईको जवाफमा पश्चिमी देशहरूले मस्कोविरुद्ध व्यापक प्रतिबन्ध अभियान चलाएका छन् र युक्रेनलाई हतियार आपूर्ति गरिरहेका छन्। रासस

## स्वीडेन र फिनल्यान्डलाई नाटोमा सामेल हुन उपयुक्त समय -पूर्वमहासचिव

मस्को, २५ वैशाख/एएनआई/स्पुतनिक

नाटोका पूर्वमहासचिव एन्डर्स फोग रासमुसेनले स्वीडेन र फिनल्यान्डलाई नाटोको सैन्य गठबन्धनमा सामेल हुने समय आएको बताएका छन्। उनले भने- रूसी राष्ट्रपति भ्लादिमिर पुटिन युक्रेन आक्रमणमा व्यस्त छन्।

जहाँसम्म फिनल्यान्ड र स्वीडेनको सवाल छ, मलाई लाग्छ यी दुई देश गठबन्धनमा सामेल हुने यो उपयुक्त अवसर हो, रासमुसेनले शनिवार सिएनबिसीलाई सो कुरा बताएका हुन्। उनले चेतावनी दिंदै भने- सम्मिलन प्रक्रिया पूरा हुन महीनौं लाग्न सक्छ किनकि नाटोका ३० सदस्य राष्ट्रहरूको संसद् सबैले सम्मिलन प्रोटोकललाई अनुमोदन गर्न आवश्यक हुन्छ।

यसका लागि केही महीना लाग्छ र त्यो अवधिमा फिनल्यान्ड र स्वीडेन दुवैलाई सम्भावितरूपमा रूसी धम्की आउन सक्छ। तर हामीले भने उनीहरूको सुरक्षाको प्रत्याभूति गर्नुपर्छ, रासमुसेनले भने, मानौं तिनीहरू पहिले नै नाटोका सदस्य थिए।

फिनल्यान्ड र स्वीडेनले युक्रेनमा रूसी सैन्य अपरेशनको बीचमा दीर्घकालीन तटस्थता त्याग्न र नाटोमा सामेल हुने सम्भावनाबारे छलफल गर्न थालेका छन्। गठबन्धनका प्रमुख जेन्स स्टोल्टनबर्गले मार्चमा भने अनुसार नाटोले फिनल्यान्ड र स्वीडेनलाई खुशीसाथ स्वागत गर्नेछ र यदि उनीहरूले सामेल हुने निर्णय गरेमा उनीहरूको सदस्यता आवेदन द्रुतरूपमा अगाडि बढाउन सक्नेछन्।

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – भाग्योदय |
| मिथुन – बेचैनी | कर्कट – मनोरञ्जन |
| सिंह – कर्मप्राप्ति | कन्या – राज्यलाभ |
| तुला – वादविवाद | वृश्चिक – यात्रालाभ |
| धनु – शत्रुपराजय | मकर – ज्ञानोदय |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


घरघरमा शौचालय प्रयोग गरौं,
सभ्य नागरिकको परिचय दिऔं।

वीरगंज महानगरपालिका


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

## जसपाले वीरगंजको विकासको एजेन्डा बोकेको छ -सिंह

प्रस, वीरगंज, २५ वैशाख/

सत्ता गठबन्धनबाट वीरगंज महानगरको प्रमुखका उम्मेदवार


तस्वीर:प्रतीक

राजेशमान सिंहले जनता समाजवादी पार्टीले समग्र वीरगंजको विकासको एजेन्डा बोकेर अगाडि बढेको दाबी गरेका छन्।

वीरगंज महानगर-२५ मा आयोजित चुनावीसभामा बोल्दै उनले महानगरमा जसपाको जीत हुने दाबी गरे। उनले साढे चार वर्ष वीरगंजमा विकास नभएको आरोप लगाउँदै जनप्रतिनिधिहरूले यो अवधिमा देखाएको रवैयालाई मूल्याङ्कन गर्दै जनताले साझा गठबन्धनलाई सघाउने बताए। उनले जनताको सेवक भनेर निर्वाचित भएकाहरू कुर्सीमा बसेपछि राजशाही रवाफमा ढल्केको आरोप लगाए।

सो वडाबाट अध्यक्ष पदका उम्मेदवार आशुतोष चतुर्वेदीले श्रीसियाको समग्र विकासको लागि जसपाको जीत आवश्यक भएको बताए। उनले गठबन्धनका उम्मेदवार महानगर प्रमुख र उपप्रमुखका साथै आफ्नो प्यानललाई विजयी गराउन आग्रह गरे। कार्यक्रममा मुकेश द्विवेदी, प्रेमबाबू पटेललगायतको सहभागिता थियो।

## चौतर्फी विकासका लागि नेपाली काङ्ग्रेस -महामन्त्री थापा

प्रस, सिम्रौनगढ, २५ वैशाख/

नेपाली काङ्ग्रेसका महामन्त्री गगन थापाले नेकपा एमालेले पाँच वर्ष सरकार चलाउन नसकेको भन्दै स्थानीय चुनावमा नेपाली काङ्ग्रेससँगको गठबन्धनका उम्मेदवारहरूलाई विजयी गराउन आग्रह गरेका छन्।

सिम्रौनगढ नगरपालिका-१० देवापुर टेडामा स्थानीय चुनाव लक्षित आमसभामा महामन्त्री थापाले एमालेलाई जनताले पाँच वर्ष सरकार चलाउन म्यान्डेड दिएको र त्यसमा उपेन्द्रजी तथा महन्तजीको दलले पनि सघाएको भएपनि अहिले एमाले प्रतिपक्षमा बसेको र आगामी पाँच वर्षको योजना बनाइरहेको बताए।

उनले गठबन्धन र नेपाली काङ्ग्रेसका उम्मेदवार विजयी भए पाँच वर्षमा शिक्षा, स्वास्थ्य र रोजगारका कामहरू सम्पन्न गर्ने दाबी गरे।

उनले भने, "साइकलको हावा फुस्किसकेको छ, छाता टुटिसकेको छ, काङ्ग्रेसलाई ल्याउनुस् विकासको सुनिश्चितता पाउनुस्।"

नेका मधेस प्रदेशका उपसभापति चन्द्रशेखरकुमार यादवले सिम्रौनगढमा



तस्वीर: प्रतीक

नेपाली काङ्ग्रेस नेतृत्वको स्थानीय सरकार सफल भएको बताए।

नेका बारा क्षेत्र नं १ सभापति एवं सिम्रौनगढको प्रमुख पदका उम्मेदवार निवर्तमान नगरप्रमुख विजयशङ्कर यादवको अध्यक्षतामा भएको आमसभामा उपेन्द्रप्रसाद जयसवाल, मोहन कुशवाहा, रामनरेशकान्त कुशवाहा, हरेन्द्रप्रसाद यादव, राजकुमार यादव, जयन्त कुशवाहा, मोहनमहतो कोइरी र रामाकान्त साहलगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा स्वागत रामुप्रसाद यादव र सहजीकरण सिकेन्द्र पासवानले गरेका थिए।

## वीरगंजमा नार्क दिवस मनाइयो

प्रस, परवानीपुर, २५ वैशाख/

वीरगंजमा ३१औं नेपाल कृषि अनुसन्धान परिषद (नार्क) दिवस


तस्वीर: प्रतीक

मनाइएको छ।

कृषि औजार अनुसन्धान केन्द्र, रानीघाटको आयोजनामा विविध कार्यक्रम आयोजना गरी दिवस मनाइएको हो।

वृक्षारोपण, सरसफाइलगायत कार्यक्रम गरी दिवस मनाइएको थियो। दिवसको अवसरमा आयोजित औपचारिक कार्यक्रममा केन्द्रका प्रमुख सचिन मिश्रले कार्यालयको परिचय र हालसम्मको उपलब्धिसहितको प्रतिवेदन प्रस्तुत गरेका थिए।

नार्कका पूर्वनिर्देशक डा रामवृक्ष प्रसादको अध्यक्षता तथा प्राविधिक अधिकृत द्वारिका चौधरीको सहजीकरणमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि कृषि अनुसन्धान निर्देशनालय मधेस प्रदेश, परवानीपुरका निर्देशक डा विश्वेश्वरप्रसाद यादव, राष्ट्रिय उखुबाली अनुसन्धान कार्यक्रम जीतपुरका संयोजक डा दिलराज यादव, कृषि ज्ञान केन्द्र, पर्साका बागवानी अधिकृत श्यामकिशोर प्रसाद, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यालय, बारा एकाइ प्रमुख डा हेमचन्द्र जैसवारलगायत किसानहरूको सहभागिता थियो। वक्ताहरूले पछिल्लो समय ज्यालादारको अभावमा उत्पन्न समस्यालाई आधुनिक औजार तथा उपकरणले किसानलाई खेती किसानी गर्न सहज भएको र अझै भरपर्दो कृषि औजार तथा उपकरणको विकास गर्दै जानुपर्ने सुझाव दिएका थिए।

## पर्सागढीमा विद्यार्थी भर्ना अभियान

प्रस, पर्सागढी, २५ वैशाख/

पर्सागढी नगरपालिका-९ स्थित



तस्वीर: प्रतीक

नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बडेर्वाले आइतवार शैक्षिक सत्र २०७९ को लागि विद्यार्थी भर्ना अभियान शुरू गरेको छ।

विद्यार्थी र शिक्षकको सहभागितामा निस्किएको ऱ्यालीमा 'छोरा र छोरीमा भेदभाव नगरौं, छोराछोरीलाई विद्यालय पठाउ'लगायतका नारासहित कार्यक्रम सम्पन्न गरेको थियो। कार्यक्रममा प्रधानाध्यापक चेतनदास थारू, शिक्षक बालेश्वर चौधरीलगायतको सहभागिता थियो।

## चैत मसान्तसम्म २३२ उद्योग दर्ता

काठमाडौं, २५ वैशाख/रासस


चालू आवको चैत मसान्तसम्म २३२ वटा उद्योग दर्ता भएका छन्। गत आवको सोही अवधिमा १६९ स्वदेशी तथा विदेशी उद्योग दर्ता भएका थिए। हालसम्म आठ हजार ६८७ उद्योग दर्ता भएको उद्योग विभागले जनाएको छ। आव २०७८/७९ को नौ महीनाको अवधिमा ६७ ठूला, ८२ मझौला र ८३ साना उद्योग दर्ता भएका हुन्। गत आवको सोही अवधिमा ३३ ठूला, ४० मझौला र ९६ साना उद्योग दर्ता भएका थिए। विभागका अनुसार हालसम्म एक हजार २८१ ठूला, एक हजार ९९१ मझौला र पाँच हजार ४१५ साना उद्योग दर्ता भएका विभागका महानिर्देशक रामचन्द्र तिवारीले जानकारी दिए।

औद्योगिक व्यवसाय ऐन, २०७६ अनुसार रु १५ करोडसम्म स्थिर पूँजी

(बाँकी अन्तिम पातामा)

# हामीले जितेपछि जनताको समस्या सम्बोधन हुन्छ

*राजन पौडेलको जन्म २०३७ चैत १० गते धादिङ्गमा भएको हो । २०४४ सालमा सिमरा आएका पौडेलले २०५२ सालमा एसएलसी दिए । पौडेल कक्षा ९ देखि अनेरास्ववियुको राजनीतिमा प्रवेश गरेका हुन् । अध्ययनको सिलसिलामा २०५५ सालमा पौडेल काठमाडौं गए । पौडेल २०५७ सालदेखि पूर्णकालीन कार्यकर्ताको रूपमा राजनीतिमा होमिए । राजनीतिक यात्राकै दौरानमा पौडेल १३ महीना नख्खु जेल पनि बसे । विद्यार्थी राजनीतिबाट दलीय राजनीतिमा आएका पौडेलले पटक–पटक प्रहरीको यातना भोगे । २०६४ सालमा भएको संविधानसभा निर्वाचनमा पौडेल क्षेत्र नं ६ को इन्चार्ज भए । अघिल्लो स्थानीय तहको निर्वाचनमा नेकपा माओवादी केन्द्रको तर्फबाट नगरप्रमुखको उम्मेदवार बनेका पौडेल त्यति बेला विजयी हुन सकेनन् । पाँच दलीय साझा गठबन्धनको तर्फबाट जीतपुरसिमरा उपमहानगरपालिकाको प्रमुख पदको उम्मेदवार बनेका पौडेलसँग प्रतीककर्मी गम्भीरा सहनीले लिएको अन्तर्वार्ताको अंशः*



- **राजन पौडेल**, नगरप्रमुखको उम्मेदवार, जीतपुरसिमरा उपमनपा

– तपाई दोस्रोपटक नगरप्रमुख पदको उम्मेदवार बन्नुभएको छ, गएको निर्वाचनको समीक्षा कसरी गर्नुहुन्छ ?

\+ गत स्थानीय तहको निर्वाचनमा मेरो धेरै राम्रो माहोल थियो । त्यति बेला मतदानको एक दिनअघि केही गैरराजनीतिक क्रियाकलापहरू भए । निर्वाचन आचारसंहिताविपरीतका कामहरू भए, जसले गर्दा परिणाम हामीले सोचेजस्तो भएन । हामी तेस्रो स्थानमा खुम्चिनुपऱ्यो । जनमतको सम्मान गर्ने राजनीतिक दलको उम्मेदवार भएका कारण हामीले मतपरिणामलाई स्वीकार गऱ्यौं ।

– अहिलेको चुनावमा चाहिं के के फरक पाउनुभएको छ ?

\+ अहिले हामी व्यक्तिगत र साङ्गठनिकरूपमा अघि छौं । अर्को कुरा एमालेको फुटपछि हामी बलियो भएका छौं । छुट्टाछुट्टै लड्दा पनि काङ्ग्रेस र माओवादीको भिडन्त हुने थियो । अहिले सत्ता गठबन्धनको तर्फबाट म उम्मेदवार भएको छु । हाम्रो एजेन्डा बलियो छ । अघिल्ला जनप्रतिनिधिले आफ्ना एजेन्डा पूरा गर्न सकेनन् । हल्ला बाँडिएको थियो, सपना बाँडिएको थियो । झूटा आश्वासन बाँडेर जनतालाई भ्रममा पारिएको थियो । तर यो पाँच वर्षमा ती भ्रमबारे जनता स्पष्ट भइसकेको छ । सबै कुरा नगरवासीलाई थाहा नै छ । हामी जनताको एजेन्डा लिएर यो निर्वाचनमा सहभागी भएका छौं । जनताका तमाम समस्याबारे हामी जानकार छौं र ती समस्या समाधान गर्न योजनाबद्धरूपमा काम गर्दै जानेछौं । यसपटक जनताले ढाट्नेहरूलाई चिनिसकेको छ । गठबन्धनको प्रतिबद्धता र कार्यान्वयनबारेमा पनि जनता स्पष्ट छ ।

– एमाले नेतृत्वको उपमहानगरपालिका असफल भइरहँदा त्यसमा माओवादीको भूमिका कस्तो रह्यो ? त्यसमा तपाईंको ठूलो भूमिका छ भनिन्छ नि ?

\+ यो कुरामा कुनै सत्यता छैन । स्थानीय सरकार सञ्चालन ऐन नबुझेकाहरूले गरेको कुरा हो । नगरप्रमुखको पद नबुझेको हो । कार्यपालिकाको अधिकार नबुझेको हो । आफूले काम गर्न नसकेपछि यी सबै आरोप लगाइयो । यी सबै कुरा बुझ्न नसकेको हो । नगरसभालाई पङ्गु बनाइयो । नगरसभा सञ्चालन गर्न सक्नुभएन, जान्नुभएन, प्रमुखले गर्नुपर्ने काम उपप्रमुखले गर्नुभयो । वडाध्यक्ष आफैं प्रमुख बन्न खोज्नुभयो । नगरसभालाई नेतृत्व प्रदान गर्न नसक्दा यी समस्या आएका हुन् ।

– एमाले नेतृत्वको उपमहानगरपालिकाको पाँच वर्षे समीक्षा कसरी गर्नुहुन्छ ?

\+ पहिलो कुरा त घोषणापत्र अनुसार उहाँहरूले काम गर्न सक्नुभएन । दोस्रो स्थानीय सरकार सञ्चालन ऐन अनुसार काम भएन, अनुसूची ८ कार्यान्वयन भएन । नगरसभाका सदस्यहरू कुनै प्रकारका भूमिकामा देखिएनन् । आवाज पुग्ने ठाउँ भएन । पहिलेको गाउँ विकास समिति जस्तै हुन पुग्यो । क्लबको साधारणसभा जतिको पनि भएन । सुशासनको हिसाबले, कार्यपालिका सञ्चालनको हिसाबले पछि पऱ्यो । जनमुखी कार्यक्रम ल्याउने हिसाबले कामै भएन । समन्वय गर्ने हिसाबले, सहकार्य गर्ने हिसाबले विभिन्न क्षेत्रसँग सहकार्य भएको देखिएन । एमाले नेतृत्वको प्रमुख, उपप्रमुखको यस्तै गलत कामका कारणाले उपमहानगरपालिकाले विकास गर्न सकेन र यसको जग कमजोर हुँदै गयो ।

– दोस्रोपटक तपाईं निर्वाचनमा होमिंदै गर्दा तपाईंका एजेन्डा के के छन् ?

\+ असफलतालाई सफलतामा बदल्नु नै हाम्रो मुख्य एजेन्डा हो । स्थानीय सरकार सञ्चालन ऐन अनुसार काम गरे मात्र पुग्छ । मानवीय क्षेत्रमा लगानी गर्छौं । किसानको गोठ र खेतमा हामी पुग्छौं । मजदूर क्षेत्र, वातावरणमैत्री विकास गर्नु नै मेरो एजेन्डा हो । बजारहरूलाई आधुनिक बजारमा विकास गर्नको लागि मेरो उम्मेदवारी हो । हामीले गर्ने कामको प्रतिबद्धतापत्रसमेत सार्वजनिक गरिसकेका छौं । हामी प्रशासन व्यवस्थापन, कर प्रणाली, पर्यटन तथा संस्कृति, नगर प्रहरी तथा सुरक्षा व्यवस्थापन, समाज कल्याण, युवा खेलकूद तथा रोजगार, सूचना प्रविधि, वन तथा पर्यावरण, कृषि प्रवर्द्धन, शिक्षा तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम, खानेपानी तथा सरसफाइ, सडक सञ्जाल, औद्योगिक कोरिडोर व्यवस्थापन, गरीब तथा भूमिहीन व्यवस्थापन, सहकारी तथा सङ्घसंस्था व्यवस्थापन र महिला तथा बालबालिकाको क्षेत्रलाई विशेष जोड दिन्छौं ।

– यी प्रतिबद्धताहरू कतिको पूरा होलान् ? कि सपना मात्रै हुने हो ?

\+ त्यो सपना देख्ने हो, जुन सपनाले सुत्नै नदेओस् । सपना मेरो योजना हो । म नसुतीकन लागिरहन्छु, कार्यान्वयन गर्न । म कुनै पनि काममा लागें भने डुबेर लाग्छु । यी सबै योजनालाई कार्यान्वयन गर्न म लाग्छु । सबैभन्दा ठूलो कुरा मैले आजसम्म त्याग गरेको छु । जसका कारण मैले यी सबै काम गर्न सक्छु ।

– तपाईं नगरप्रमुख भएपछि तपाईंको जीवनशैलीमा पनि परिवर्तन आउँछ कि भन्ने जिज्ञासा छ, तपाईं पनि आर्थिक प्रलोभनमा लाग्नुहुन्छ कि ?

\+ १५ रुपियाँको चिया खान नसक्ने बेलामा पनि मलाई १५ लाखको प्रस्ताव आएको थियो । छोराछोरीको शुल्क तिर्न नसक्दा पनि धेरै प्रस्ताव आए । तर धेरै ठाउँमा मैले मेरो सोच परिवर्तन गरेको छु । सामाजिक हितको निम्ति म काम गर्छु । व्यक्तिगतभन्दा पनि सामाजिक हितमा म काम गर्छु । मेरो ठूलो महत्त्वाकाङ्क्षा छैन । मेरो सोख केही छैन । सामान्य जीवनयापनमा म बाँच्छु । कार्यसम्पादनको त कुरै नगरौं । म सक्छु । म गरेर देखाउँछु । धेरैले मलाई पत्याउँदैनन्, तर मैले गर्दै आएको छु र गर्छु पनि । नगरसभा सदस्यलाई विश्वासमा लिएर काम गर्नेछु । सबैको साथ र सहयोगले काम गर्नेछु । जीतपुरसिमरामा अब नगरप्रमुखको बजेट, उपप्रमुखको बजेट बन्दैन, अब मात्र जनताको बजेट बन्छ । जसको सारसङ्क्षेप हाम्रो प्रतिबद्धतापत्रमा सार्वजनिक भएको छ । यो हामी पाँचै दलको सामूहिक प्रतिबद्धता पनि हो । हिजो, आज र भोलि मेरो जीवनशैलीमा कुनै अस्वाभाविक परिवर्तनहरू पाउनुहुन्न, म त्यसको प्रत्याभूति गर्छु ।

– एमालेबाट नगरप्रमुखका उम्मेदवार तपाईंको सहपाठी पनि हुनुहुन्छ । उहाँलाई कतिको प्रतिस्पर्धी ठान्नुहुन्छ ? तपाईं आफू निर्वाचित हुन्छु भन्नेमा कतिको विश्वस्त हुनुहुन्छ ?

\+ मैले कसैलाई पनि प्रतिस्पर्धी सोचेको छैन । सरस्वतीजी त मेरो साथी हुनुहुन्छ । हामीले सँगै एसएलसी दिएका हौं । अहिले राजन पौडेललाई नै नगरप्रमुख बनाउनुपर्छ भन्ने आवाज छ । त्यस कारण उहाँहरू कसैलाई पनि प्रतिस्पर्धी देख्दिनँ, एजेन्डाको हिसाबले पनि देख्दिनँ । मलाई विश्वास छ मैले नै चुनाव जित्छु भन्ने । मेरो एजेन्डाले नै मलाई जिताउँछ । जनताले नै मलाई जिताउँछ । पाँच दलीय गठबन्धनको नेतृत्वमा जीतपुरसिमरा उपमहानगरपालिकाका जनताले नगरप्रमुखमा मलाई र उपप्रमुखमा मेघा शाहीलाई पनि जिताउँछन् भन्नेमा म विश्वस्त छु ।

# खेलकूदको संसार

## हिमचितुवा घिमिरेद्वारा बक्सिङमा विश्व रेकर्ड

काठमाडौं, २५ फागुन/रासस

बक्सिङ प्रतियोगिताको अपराजित यात्रामा रहेका बक्सर अविरल घिमिरेले 'हिट प्रोफेशनल किक बक्सिङ प्रतियोगिता' मा विश्व रेकर्ड कायम गरेका छन् । लगातार १४औं पटकसम्म हिट प्रतियोगितालाई आफ्नो पक्षमा ल्याइ युवापुस्ताका चर्चित बक्सर हिमचितुवा घिमिरेले विश्व रेकर्ड बनाउन सफल भएका हुन् ।




जापानको नायोगा शहरस्थित 'नायोगा कङ्ग्रेस सेन्टर इभेन्ट हल'मा शनिवार साँझ सम्पन्न सो प्रतियोगितामा हिमचितुवाले थाइल्यान्डका बक्सर विला साकलेकलाई दोस्रो राउन्डमा नै रिङमा ढालेका थिए । उनीहरू दुवै 'के वान के प्रोफेशनल किक बक्सिङ' भिडन्त गरिसकेका अनुभवी खेलाडी हुन् ।

सिमुरा डोजोको ५०औं वार्षिकोत्सवका अवसरमा आयोजित सो प्रतियोगितामा हिमचितुवाले तीन राउन्डको कुल १६ मिनेटको खेलमा साकलेकलाई १२ मिनेटमा ढालेका हिमचितुवाका प्रशिक्षक देव घिमिरेले जानकारी दिए । बक्सर देवसहित जापानी बक्सर सिमुरा तामियों र चाउ लोगेट हिमचितुवाको मुख्य प्रशिक्षक रहेका थिए ।

प्रशिक्षक देवका अनुसार अविरलले सिमरा डोजोबाट अन्तर्राष्ट्रिय प्रतियोगितामा खेल्दै आएका छन् । यसअगाडि गत फागुनमा टोकियो शहरमा आयोजित ७० किलोको 'के वान के प्रोफेशनल किक बक्सिङ प्रतियोगिता'मा जापानी बक्सर दाइ माचुसितालाई पहिलो राउन्डमा नै पराजित गरी बक्सर अविरलले बक्सिङ खेलमा नयाँ रेकर्डसमेत कायम गरेका थिए ।

सो तौल समूहको प्रतिस्पर्धामा लगातार तीनपटक विजयी हुने उनी दक्षिण एशियाकै पहिलो खेलाडीसमेत बनेका थिए । विश्वप्रख्यात सो प्रतिस्पर्धामा उनको विजयको अविच्छिन्न यात्रा जारी छ । गत वर्षको 'हिट ४९ प्रोफेशनल बक्सिङ च्याम्पियनशिप २०२१'को उपाधि बक्सर खेलाडी अविरलले चुमेका थिए ।

विश्वका युवापुस्ताका चर्चित र अनुभवी बक्सरलाई मात्र रिङमा उतारिने सो अन्तर्राष्ट्रिय प्रतियोगितामा विजयी हुने अविरल पहिलो नेपाली बक्सर बनेका थिए ।

### चुनावलक्षित भोज....

उम्मेदवारहरूको भोज खान पाइने भएकाले उनीहरूले बोइलर कुखुरा परित्याग गर्दै खसीलाई प्राथमिकता दिएका छन् । अहिले चलिरहेको भोजहरूमा कुखुरा कमै प्रयोग भएको र खसीको प्रयोग बढी भइरहेको बताइएको छ ।

यसैगरी, मदिरामा पनि बोतलबन्द मदिराहरूको माग कार्यकर्ताहरूले गरिरहेकाले उम्मेदवारहरूले पनि पूर्ति गर्दै आइरहेका छन् । स्थानीय रक्सी र पाउच पिउनेहरूले पनि अहिले स्वदेशी गुणस्तरीय मदिराको माग गरिरहेका छन् ।

यसैगरी, उम्मेदवारहरूले नगद वितरण पनि शुरू गरेका छन् । नगद वितरणको शैलीमा अहिले परिवर्तन गरिएको छ ।

ठेक्कामार्फत मतदाताहरूलाई रकम वितरण गर्ने कार्य भइरहेकामा थुप्रै उम्मेदवारले आफैंले र आफ्ना विश्वासिलामार्फत मतदाताको हातमैं रकम पुऱ्याउने कार्यलाई प्राथमिकता दिएका छन् । खाममा दुई हजारदेखि अढाई हजारसम्म प्रतिमतदाता वितरण भइरहेको एकजनाले बताए । घरका ज्येष्ठ नागरिक र युवाहरूलाई यस प्रकारबाट रकम वितरण भइरहेको स्रोतले जनाएको छ । यसको पुष्टि उम्मेदवारले नगरे पनि मतदाताले गरेका छन् ।

### चैत मसान्तसम्म....

भएका उद्योगलाई साना, रु १५ देखि ५० करोडसम्म स्थिर पूँजी भएका उद्योगलाई मझौला र रु ५० करोडभन्दा बढी स्थिर पूँजी भएका उद्योगलाई ठूला उद्योग मानिन्छ । चालू आवको तेस्रो त्रैमाससम्म २३२ उद्योगमा रु दुई खर्ब ६६ अर्ब लगानी प्रस्ताव भएका छन् । गत आवमा प्रस्तावित लगानी रु एक खर्ब ३९ अर्ब थियो । हालसम्म रु २५ खर्ब ५० अर्बको लगानी प्रस्ताव भएका छन् । चैत मसान्तसम्म २३ वटा डिजाइन, दुई हजार ३५६ ट्रेडमार्क दर्ता गरिएको विभागले जनाएको छ ।

**कम्पनी रजिष्ट्रार कार्यालयमा अत्यावश्यक सेवा**

कम्पनी रजिष्ट्रारको कार्यालयले कर्मचारीको अभावमा अत्यावश्यक सेवा मात्र प्रवाह गर्न थालेको छ । आसन्न स्थानीय तह निर्वाचनमा अधिकांश कर्मचारी खटिएकाले यही वैशाख २३ गतेदेखि अत्यावश्यक परेका कम्पनी दर्ता, कम्पनी प्रशासन र अभिलेखसम्बन्धी काम मात्र सञ्चालन गरिएको कार्यालयले जनाएको छ ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

गर्मी मौसममा सङ्क्रामक रोगबाट बचौं र बचाऔं ।

गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न सङ्क्रामक रोगहरू फैलिन सक्छन् ।

- सङ्क्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं ।
- सङ्क्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड